# पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन

सेविका निरौला
परीक्षा क्रमाङ्क : २१४००४६/२०६९
त्रि.वि.द.नं. : ९-२-१०-७७-२००७
शैक्षिक वर्ष : २०६७/०६८

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा
अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको
नेपा. शि. (५९८) पाठ्यांशको
प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

सुकुना बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षण विभाग
कोसीहरैँचा, मोरङ

२०७३/२०१७

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह, द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत ' **पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन**' शीर्षकको शोधपत्र प्रतिवेदन अर्को प्रयोजनका लागि कहीँ कतै पेश नगरेको र अनुसन्धान कार्य अत्यन्त मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

.................................

सेविका निरौला

एम.एड. दोस्रो वर्ष

नेपाली भाषा शिक्षण विभाग

मिति : २०७३/०५/०२

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत भाषा शिक्षा विभाग, स्नातकोत्तर तह, द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत ' **पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन'** शीर्षकको शोधपत्र सेविका निरौलाले मेरो निर्देशनको मातहतमा रही मिहिनेतका साथ सिर्जनात्मक तथा नितान्त मौलिक रूपमा तयार पार्नुभएकोले यस शोधकार्यप्रति म सन्तुष्ट छु। अतः यस शोधकार्य मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षण विभागसमक्ष सिफारिस गर्दछु।

..................................

दीपक गौतम

शोध निर्देशक

सुकुना बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

कोसीहरैँचा, मोरङ

मिति : २०७३/ ११/०१

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मेरा आदरणीय गुरु श्री दीपक गौतमको प्राज्ञिक निर्देशनमा तयार पारेकी हुँ । यस शोधपत्रको शीर्षक चयनदेखि शोधकार्यको सम्पादनसम्म पाएको समुचित निर्देशन र सहयोगले गर्दा नै यो शोध पत्रले यो स्वरूप प्राप्त गर्न सकेको हो । आफ्नो कार्य व्यस्ततालाई थाति राख्दै निरन्तर रूपमा शोधपत्रलाई परिष्कार र परिमार्जन गरिदिनु भएकोमा म उहाँप्रति हार्दिक आभार प्रकट गर्दछु ।

त्यसैगरी शोधकार्यका लागि सुझाव , सल्लाह र निर्देशन दिई सहयोग गर्नुहुने सुकुना बहुमुखी क्याम्पसका सहायक प्रमुख प्रेमप्रसाद भट्टराई एवम् नेपाली विभाग प्रमुख श्री अमृतप्रसाद आचार्य तथा आदरणीय गुरुहरू श्री मेघनारायण श्रेष्ठ, श्री गेहेन्द्र खनाल र श्री दीपक न्यौपानेप्रति म कृतार्थ छु ।

यस शोधपत्र तयार पार्दा निरन्तर सल्लाह सुझाव, हौसला एवम् प्रेरणा दिई सहयोग पुऱ्याउने श्री रेवतप्रसाद दाहालप्रति आभार प्रकट गर्दछु । अन्त्यमा, यस शोधपत्रलाई शुद्धसँगले कम्प्युटर टङ्कण गरिदिने प्रोपाइटर श्री योगेन्द्र दुलाललाई धन्यवाद दिन चाहन्छु ।

सेविका निरौला

# शोधसार

शोधशीर्षक: **पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन**

शोधार्थी : सेविका निरौला

शोध निर्देशक : दीपक गौतम

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस,मोरङ

पृष्ठसङ्ख्या :

शैक्षिक वर्ष : २०६८/०६९

प्रस्तुत शोधकार्य एम.एड. दोस्रो वर्षको ने.पा.५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको छ। पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन शीर्षकमा यो शोधकार्य तयार पारिएको छ। यस अध्ययनका मुख्य उद्देश्यहरू कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समावेश भएका नमुना अभ्यासलाई पाठ्यक्रम अनुरूपताको आधारमा विश्लेषण गर्नु, उक्त तहमा राखिएका नमुना अभ्यासलाई सीपगत र तहगत आधारमा वर्गीकरण गर्नु र वर्गीकृत नमुना अभ्यासलाई विश्लेषण गरी उपयुक्त सुझाव प्रस्तुत गर्नु रहेका छन्।

प्रस्तुत अध्ययन जम्मा ५ वटा परिच्छेदमा पुरा गरिएको छ। परिच्छेद एकमा अध्ययनको पृष्ठभूमि, अध्ययनको समस्या कथन, अध्ययनका उद्देश्यहरू, अनुसन्धानात्मक प्रश्नहरू, अध्ययनको महत्त्व उल्लेख गरिएको छ। परिच्छेद दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा प्रस्तुत गरिएको छ। परिच्छेद तीनमा अध्ययनको विधि र प्रक्रियाको चर्चा गरिएको छ। प्रस्तुत शोध कार्यको व्याख्या विश्लेषण गर्न पुस्तकालयीय विधि, पाठ्यक्रम र पाठ्यपुस्तक बीचको सम्बन्ध हेर्न तुलनात्मक विधि अपनाएको छ। यसका साथसाथै यस शोधकार्यमा विभिन्न विद्यालयमा गई सम्बन्धित विषय शिक्षकहरूसँगको अभिमतहरूको जानकारीका लागि विभिन्न प्रश्नावली निर्माण गरी व्याख्या विश्लेषणसहित अनुसन्धानात्मक ढाँचामा प्रस्तुत गरिएको तथा सर्वेक्षण विधिको पनि प्रयोग गरी प्रस्तुत गरिएको छ। प्रस्तुत अध्ययन कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताका आधारमा गरिएको छ। त्यसैले यस अध्ययनको क्षेत्र विषयवस्तुको क्षेत्र र भौगोलिक क्षेत्र दुबै रहेको छ।

यस अध्ययनको परिच्छेद चारमा तथ्याङ्कको वर्गीकरण, व्याख्या तथा विश्लेषण गरिएको छ। यो अध्ययन निर्धारित पाठ्यपुस्तकमा दिएका नमुना अभ्यासलाई भाषिक सीपका आधारमा विभिन्न

समूहहरूमा छुट्याई तिनलाई समूहमा तालिकीकरण गरी तिनको सङ्ख्या निर्धारण गरिएको छ । उक्त तालिकाको नतिजालाई पाठ्यक्रम अनुरूपताका आधारमा व्याख्या, विश्लेषणसमेत गरिएको छ । यस नतिजाको व्याख्या एवम् विश्लेषणबाट प्राप्त नतिजाको प्राप्ति तथा सारांश उल्लेख गरिएको छ । भाषिक सीप व्याकरण तथा शब्द भण्डारसम्बन्धी अभ्यासलाई उद्देश्य अनुरूपताका आधारमा र स्तर अनुरूपताका आधारमा विश्लेषण गरिएको छ ।

यस अध्ययनको परिच्छेद पाँचमा अध्ययनको निष्कर्ष र सुझावहरू राखिएको छ । अन्त्यमा सन्दर्भ सूची राखिएको छ ।

कक्षा सातको नयाँ पाठ्यक्रम २०७१ अनुरूपको यस पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासलाई यस अध्ययनमा पाठ्यक्रम अनुरूप भए नभएको केलाउने प्रयास गरिएको छ । पाठ्यपुस्तकमा समाविष्ट समग्र नमुना अभ्यासको अध्ययन गर्दा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य प्राप्तिमा सहयोग पुग्ने देखिन्छ । भाषिक सीपको विकास गर्न, सिर्जनात्मक कला तथा व्याकरणसम्बन्धी ज्ञान प्राप्त गर्न अभ्यासहरू अनुकूल देखिन्छ । विद्यार्थीको सम्पूर्ण पक्षको विकास गर्ने खालका अभ्यासहरू समावेश गरिएको भए पनि भाषिक सीपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ, सीपलाई पनि उत्तिकै मात्रामा समावेश गर्नुपर्ने देखिन्छ, विधा अनुरूपको अभ्यासको वर्गीकरण गर्नुपर्ने देखिन्छ र शब्दभण्डार तथा व्याकरणसम्बन्धी अभ्यासको वितरणमा ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

# विषयसूची


| | पृष्ठ सङ्ख्या |
|---|---|
| घोषणा पत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञताज्ञापन | घ |
| शोधसार | ङ |
| विषयसूची | छ |
| तालिकासूची | ञ |

**परिच्छेद एक**

**परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनका उद्देश्यहरू | ४ |
| १.४ अनुसन्धानात्मक प्रश्नहरू | ४ |
| १.५ अध्ययनको महत्त्व | ५ |
| १.६ अध्ययनको परिसीमा | ५ |

**परिच्छेद -दुई**

**सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा**

| | |
|---|---|
| २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन | ६ |
| २.२ सम्बन्धित साहित्यको पुनरवलोकन | ९ |
| २.२ अध्ययनका लागि पुनरवलोकन उपदेयता | १२ |
| २.३ अवधारणात्मक ढाँचा | १३ |

**परिच्छेद तीन**

**अध्ययनको विधि र प्रक्रिया**

| | |
|---|---|
| ३.१ अध्ययनको ढाँचा र विधि | १४ |
| ३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति | १४ |
| ३.३ अध्ययनको क्षेत्र | १५ |

३.४ तथ्याङ्क सङ्कलनका साधन र प्रक्रिया १५
३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया १५

## परिच्छेद चार

## नतिजाको व्याख्या एवम् विश्लेषण

४.१ पाठ्यक्रम अनुरूपताका आधारमा नमुना अभ्यासको विश्लेषण १६
४.१.१ सीपगत आधारमा नमुना अभ्यासको विश्लेषण १९
४.१.१.१ सीपगत आधारमा कविता /गीत विधामा सम्बद्ध नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २०
४.१.१.२ सीपगत आधारमा कथा विधामा सम्बद्ध नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २१
४.१.१.३ सीपगत आधारमा प्रबन्ध विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २२
४.१.१.४ सीपगत आधारमा संवाद तथा वादविवाद विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २३
४.१.१.५ सीपगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण र विश्लेषण २४
४.१.१.६ सीपगत आधारमा चिठी /निवेदन विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २४
४.१.२ तहगत आधारमा नमुना अभ्यासको विश्लेषण २५
४.१.२.१ तहगत आधारमा कविता /गीत विधामा सम्बद्ध नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २६
४.१.२.२ तहगत आधारमा कथा विधाको नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २७
४.१.२.३ तहगत आधारमा प्रबन्ध /निबन्ध विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २८
४.१.२.४ तहगत आधारमा संवाद तथा वादविवाद विधाका अभ्यासको वर्गीकरण र विश्लेषण २९
४.१.२.५ तहगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण र विश्लेषण २९
४.१.२.६ तहगत आधारमा चिठी/ निवेदन विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण ३०
४.२ नमुना अभ्यासमा समावेश गरिएका प्रश्नहरूको विश्लेषण ३१

४.२.१ मूल्याङ्कनात्मक र अभ्यासात्मक प्रश्नहरू ३१
४.२.२ विषयवस्तुमा आधारित प्रश्न ३२
४.२.३ भाषिक सीपमा आधारित प्रश्न ३३
४.३ नमुना अभ्यासमा प्रयोग भएका प्रश्नहरूको स्वरूप ३३
४.३.१ निबन्धात्मक प्रश्न ३३
४.३.२ सङ्क्षिप्त उत्तरात्मक प्रश्न ३४
४.३.३ वस्तुगत प्रश्न ३४
४.३.४ सिर्जनात्मक प्रश्न ३६
४.४ प्रश्नावलीका आधारमा नमुना अभ्यासको विश्लेषण ३६
४.५ प्राप्ति तथा सारांश ३८
४.५.१ प्राप्ति ३८
४.२.२ सारांश ४१

## परिच्छेद पाँच

## निष्कर्ष र सुझावहरू

५.१ निष्कर्ष ४३
५.२ सुझावहरू ४४
५.२.१ नीतिगत तहका लागि ४४
५.२.२ अभ्यास तहका लागि ४६
५.२.३ अनुसन्धान तहका लागि ४६
सन्दर्भ सामग्रीहरू
प्रश्नावली

# तालिकासूची


तालिका नं. तालिका शीर्षक पृष्ठ

१. सीपगत आधारमा कविता /गीत विधामा सम्बद्ध नमुना अभ्यासको वर्गीकरण २०

२. सीपगत आधारमा कथा विधामा सम्बद्ध नमुना अभ्यासको वर्गीकरण २१

३.सीपगत आधारमा प्रबन्ध विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २२

४.सीपगत आधारमा संवाद तथा वादविवाद विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २३

५.सीपगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण र विश्लेषण २४

६. सीपगत आधारमा चिठी /निवेदन विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २५

७ .तहगत आधारमा कविता /गीत विधामा सम्बद्ध नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २६

८.तहगत आधारमा कथा विधाको नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २७

९.तहगत आधारमा प्रबन्ध /निबन्ध विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २८

१०. तहगत आधारमा संवाद तथा वादविवाद विधाका अभ्यासको वर्गीकरण र विश्लेषण २९

११. तहगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण र विश्लेषण ३०

१२. तहगत आधारमा चिठी/ निवेदन विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण ३१

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा अभ्यासलाई लिइन्छ । भाषा अभ्यासबाट सिकिन्छ । अभ्यास जति बढी हुन्छ, सिकाइ त्यति नै दिगो र स्थायी हुन्छ । भाषा पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यासहरू विद्यार्थीहरूको मूल्याङ्कनका लागि मात्र नभएर भाषिक सीप हासिल गराउने आधार स्तम्भका रूपका रहेका हुन्छन् । त्यसैले नमुना अभ्यासको अध्ययन अनुसन्धान गर्न आवश्यक देखिन्छ ।

प्रस्तुत अध्ययन /अनुसन्धान राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्बाट मिति २०६९/०५/०८ मा स्वीकृति प्राप्त नेपाल सरकारबाट मिति २०७१/०१/०२ देखि कार्यान्वयनमा ल्याइएको आधारभूत शिक्षा पाठ्यक्रमअन्र्तगत समावेश गरिएको कक्षा  सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययनमा केन्द्रित रहेको छ ।

पाठ्यक्रमका निर्दिष्ट उद्देश्य परिपूर्ति गर्ने सामग्रीका रूपमा पाठ्यपुस्तकमा विषयवस्तु समावेश गरिएका हुन्छन् । यसरी समावेश गरिएका विषयवस्तुहरूबाट विद्याथीहरूले के-कति ज्ञान सीप हासिल गर्न सक्षम भए वा भएन्न ? भनी प्रत्येक पाठका अन्त्यमा नमुना अभ्यास दिइएका हुन्छन् । शिक्षण र मूल्याङ्कन एक अर्काका परिपूरकका रूपमा रहेका हुन्छन् । त्यसैले नमुना अभ्यासलाई भाषिक सीपको मूल्याङ्कनको आधारका रूपमा लिइएको हुन्छ । विद्यार्थीको प्रयोगात्मक, ज्ञानात्मक, धारणात्मक, पहिचानात्मक, परिचयात्मक आदि पक्षको अभिवृद्धि गर्न नमुना अभ्यासद्वारा ठूलो सफलता मिल्दछ । यसै क्रममा ती नमुना अभ्यासहरू  विधा अनुरूप छन्,छैनन् ? पाठ्यक्रमका उद्देश्य, विषयवस्तु, क्षेत्र र क्रम अनुरूप छन्, छैनन् ? भाषिक सीपमा आधारित छन्,छैनन् ? विद्यार्थीको रुचि, स्तर, इच्छा, चाहनाअनुसार छन्, छैनन् ? जस्ता कुराहरूको खोजी गर्न वा विश्लेषण गर्न यो अध्ययन गरिएको छ ।

भाषिक सीपको प्राप्तिका लागि विषयगत र विधागत प्रकृतिअनुसार नमुना अभ्यासहरूको योजना गर्न जरुरी हुन्छ । विभिन्न समयमा खोज तथा अध्ययन अनुसन्धानबाट हेर्दा विविध नमुना अभ्यासको विधागत विविधतामा कमी भएको अनुभव हुन्छ । नमुना अभ्यासका दृष्टिले सीमित

पक्षमात्र विधामा केन्द्रित देखिन्छ । तिनमा प्रयुक्त नमुना अभ्यासले विषयवस्तुको वर्णन र व्याख्यामा जोड दिएका छन् । पाठगत प्रयोजन र प्रकृतिलाई ख्यालै नगरी सबै विधामा एकनासको नमुना अभ्यास व्यवस्था गरिएको देखिन्छ । चारवटा सीपको सन्तुलनमा कमै ध्यान दिइएको छ । "अभ्यासका दृष्टिले २०३८ पछिका निम्नमाध्यमिक तहका पाठ्यपुस्तकको स्तर झन खस्केको बुझ्न सकिन्छ । २०५६ सालपछि मात्र यो प्रकृतिमा सुधार आएको पाइन्छ "(पौडेल, २०६९:२९५) । अध्ययन गर्ने सवालमा नै २०४२ मा त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा नेपाली विषयको शिक्षण प्रारम्भ भएपछि नेपाली भाषाशिक्षणसँग सम्बन्धित औपचारिक अनुसन्धानको प्रारम्भ भएको पाइन्छ । यसपछि नेपालमा त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) द्वारा शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्त्वहरू (२०४४ ) शीर्षकमा गरिएको अध्ययनमा नेपाली भाषाका प्राथमिक र माध्यमिक तहका पाठ्यक्रम तथा पाठ्यपुस्तकको विश्लेषण गरिएको छ । तर, व्याकरणका नमुना अभ्यासको भने विश्लेषण गरिएको देखिँदैन । नमुना अभ्यासको बारेमा आवश्यक सीप सन्तुलनलाई तथा सिर्जनात्मकतालाई भन्दा कण्ठाग्रतालाई जोड दिएको निष्कर्ष प्रस्तुत गरिएको छ (अधिकारी, २०४४ ) । यीबाहेक पनि नमुना अभ्याससम्बन्धी समयसमयमा अध्ययन तथा विश्लेषण गर्न कार्य गरिरहको देखिन्छ ।

भाषा पाठ्यक्रममा तहगत उद्देश्य अनुरूपका पाठ्यवस्तु र उक्त पाठ्यपुस्तकबाट प्राप्त हुने सीप परीक्षणका लागि नमुना अभ्यास राखिएका हुन्छन् । यस्ता अभ्यासहरूका माध्यमबाट विद्यार्थीमा निश्चित सीप विकास गर्न खोजिएको हुन्छ । खास गरी मनोवादी तथा व्यवहारवादी दुवै दृष्टिकोणले पनि यस्ता नमुना अभ्यासलाई महत्त्व दिएका हुन्छन् । यस तार्त्पयमा प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार मनोवादी तथा व्यवहारवादी सिकाइ सिद्धान्तसँग जोडिएको देखिन्छ । यी दुवै सैद्धान्तिक पक्षहरू अभ्यासहरूका माध्यमबाट भाषिक सीप विकास गर्नका लागि नमुना अभ्यास दिइने भएकाले व्यवहारवादी सिकाइसँग यसको सम्बन्ध जोडिएको छ भने व्यवहारवादी सिकाइ सिद्धान्त अनुभववादी दर्शनसँग सम्बन्धित हुन्छ । "संरचनावादी भाषाविज्ञानले अनुवभवादी दर्शन र व्यवहारवादी मनोविज्ञानलाई सैद्धान्तिक आधार बनाई भाषा सिकाइसँग सम्बन्धित पक्षहरूको व्याख्या गर्दछ ( न्यौपाने र अन्य, २०६९:१६४ ) । " अथवा "व्यावहारवादी सिद्धान्तले भाषा सिकाइमा अभ्यास वा पुनर्बललाई महत्त्वपूर्ण ठान्दछ । यसले भाषा सिकाइलाई इन्द्रियजन्य अनुभव मान्दछ ( भण्डारी, २०६५:१२९ ) । अतः यस अध्ययनको दार्शनिक आधार अनुभववादी दर्शनसँग जोडिएको छ ।

अपरिमार्जित सीपलाई परिमार्जित तुल्याउन अभ्यासकै निरन्तरता चाहिन्छ र प्राप्त सीपलाई परिपोषण र परिष्कार गर्न निरन्तर पुनरावृत्ति गर्ने अवसरको आवश्यकता पर्छ । अभ्यास र पुनरावृत्तिको प्रक्रियाबाट डोहोऱ्याउन र हिँडाउन सकेमा भाषा शिक्षणका अपेक्षाहरू प्रभावकारी रूपमा हासिल हुन सक्छन । अन्यथा भाषा शिक्षणले जीवन्तता र सार्थकता प्राप्त गर्न सक्तैन । यस भाषा सिकाइमा  अभ्यासलाई जोड दिने क्रममा प्रयत्न तथा भुलको सिद्धान्तले पनि महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।  " अभ्यास भनेको पुनरावृतिको कोसिस हो र व्यवहारलाई दोहोऱ्याउनु हो । अभ्यासको नियम , चित्र प्रयोगको नियम र अप्रयोगको नियम संलग्न छन् । यी दुबै संयुक्तताको नाम  नै अभ्यासको नियम हो । अतः अभ्यासले सिकाइलाई बलियो बनाउँछ  " (  शर्मा एन्ड शर्मा २०६५:४३९ ) । यसर्थ भाषाशिक्षणमा अभ्यासको महत्त्व र आवश्यकता देखिन्छ । त्यस कार्यमा सघाउ पुऱ्याउने महत्त्वपूर्ण साधन भाषापाठ्यपुस्तक नै भएकाले यसमा अभ्यासात्मक मात्रा बढी हुनु र पर्याप्त विविधता हुनु अत्यन्त स्वाभाविक हुन्छ ।

नेपाली भाषा शिक्षण सिकाइका क्रममा वर्तमान नीति तथा कार्यक्रमहरूका रूपमा आधारभूत शिक्षा पाठ्यक्रम २०६९ लागू गरिएको छ । यस कार्यक्रमले नेपाली भाषाका भाषिक सीप विकासलाई जोड दिएको देखिन्छ । "नेपाली विषयका रूपमा अध्ययन अध्यापन गर्नुका उद्देश्य नेपाली भाषामा भाषिक सीपको विकास गराउनु हो "(आधारभूत शिक्षा पाठ्यक्रम २०६९:१ ) । तसर्थ पाठ्यक्रमका उद्देयहरू पूरा गराउन पाठ्यपुस्तकमा अभ्यास राखिएको पाइन्छ ।

वर्तमान परिप्रेक्षलाई हेर्दा पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक तथा त्यसभित्र रहेका विधाहरू के कस्ता छन् भन्ने कुरा नमुना अभ्यासको अध्ययनबाट स्पष्ट हुन्छ । वर्तमान कक्षा सातको नेपाली ( २०७१ ) संशोधन भई हालै मात्र सञ्चालन हुन थालेकाले यसका सबल र दुर्बल पक्ष केलाउनु आवश्यक ठानिएको छ । जसअनुसार यस पाठ्यपुस्तकभित्र समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपतालाई अध्ययन विश्लेषण गर्दा खासै धेरै भिन्नता पाइँदैन । तैपनि अभ्यास र मूल्याङ्कनका प्रक्रियामा भने केही हदसम्म सुधारात्मक पक्ष देख्न सकिन्छ । त्यसैले संशोधित गरी पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई अझ बढी आधुनिक तथा व्यवस्थित ढङ्गबाट निर्माण गरिएको खण्डमा भाषिक सीप विकासका लक्ष्य पूरा भए भएनन् ?भन्ने कुराको जानकारी लिन यो अध्ययन गरिएको छ ।

## १.२  समस्याको कथन

यस अध्ययनमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको आधारमा अध्ययन गरिएको छ । पाठ्यक्रमका निर्दिष्ट उद्देश्य परिपूर्ति गर्ने सामग्रीका

रूपमा पाठ्यपुस्तकमा विषयवस्तु समावेश गरिएका हुन्छन् । यसरी समावेश गरिएमा विषयवस्तुहरूबाट विद्यार्थीहरूले के कति ज्ञान सीप हासिल गर्न सक्षम भए वा भएनन् ?प्रत्येक पाठका अन्त्यमा नमुना अभ्यासहरू दिएका हुन्छन । ती नमुना अभ्यासहरू पाठ्यक्रम अनुरूपताका आधारमा छन् ? ती नमुना अभ्यासहरू सीपगत र तहगत आधारमा के कसरी रहेका छन् ? ती नमुना अभ्यासहरूले विद्यार्थीको भाषिक कुशलता वृद्घि हुन्छ ? भाषिक सीपका दृष्टिले नमुना अभ्यासमा समावेश भएका प्रश्नहरू उपयुक्त छन् वा छैनन् ? ती अभ्यासहरू कसरी वर्गीकरण भएका छन् ? भन्ने कुराको विश्लेषणात्मक अध्ययन यस अनुसन्धानमा गरिएको छ ।

## १.३ अध्ययनका उद्देश्यहरू

प्रस्तुत अध्ययन समस्याकथनमा उठाएका मूल समस्यामा नै केन्द्रित रहेको छ । यस सन्दर्भमा प्रस्तुत अध्ययन निम्नानुसारका उद्देश्यहरूमा केन्द्रित रहेको छ :

क ) कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समावेश भएका नमुना अभ्यासलाई पाठ्यक्रम अनुरूपताको आधारमा विश्लेषण गर्नु,

ख )उक्त तहमा राखिएका नमुना अभ्यासलाई सीपगत र तहगत आधारमा वर्गीकरण गर्नु,

ग ) वर्गीकृत नमुना अभ्यासलाई विश्लेषण गरी उपयुक्त सुझाव प्रस्तुत गर्नु,

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

प्रस्तुत अध्ययन निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरूमा केन्द्रित रहेको छ :

क) कक्षा सातको नेपाली पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासहरू पाठ्यक्रम अनुरूप छन् ?

ख) ती नमुना अभ्यासहरूले कुन कुन भाषिक सीप हासिल गराउन खोजेका छन् ?

ग) यी नमुना अभ्यासहरूलाई तहगत आधारमा कसरी वर्गीकरण गर्न सकिन्छ ?

घ) यसले विद्यार्थीको स्तर अनुसार भाषिक सीप हासिल गर्न मदद्त गर्नेछ ?

ङ) नमुना अभ्यासलाई ज्ञान, बोध र प्रयोग पक्षसँग कसरी जोडिएको छ ?

च) नमुना अभ्यासमा प्रयुक्त प्रश्नहरू भाषिक सीपका दृष्टिले उपयुक्त छन् ,छैनन् ?

## १.५ अध्ययनको महत्त्व

शिक्षालाई उद्देश्यमूलक , व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम , पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको पाइन्छ । यसै सन्दर्भमा नेपाल सरकार, शिक्षामन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ अनुसार मूल एवम् अनिवार्य पाठ्यपुस्तकका रूपमा शैक्षिक सत्र २०७१ देखि लागू गरिएको कक्षा- ७ को नेपाली पाठ्यपुस्तकमा उपयुक्त नमुना अभ्यासहरूलाई पाठ्यक्रम अनुरूपताको आधारमा विश्लेषण गर्नु अध्ययन अनुसन्धानका क्षेत्रमा महत्त्वपूर्ण हुने देखिन्छ ।

पाठ्यक्रमले राखेको उद्देश्य पूरा गर्नका लागि पाठ्यपुस्तकमा नमुना अभ्यासको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । भाषा पाठ्यपुस्तकको पाठमा दिएको नमुना अभ्यासले विद्यार्थीहरूलाई के सिक्ने ?कसरी सिक्ने ? कति सिक्ने ? र किन सिक्ने ? भन्ने मात्र नभएर विषय शिक्षकलाई कसरी सिकाउने ? कति सिकाउने ? किन सिकाउने ?  आदि जस्ता कुराको निर्धारण गरिएको हुन्छ । यिनै कारणले गर्दा कक्षा सातको नमुना अभ्यासको अध्ययन विश्लेषण गर्दा यसमा रहेका कमीकमजोरी पहिचान गर्न सकिन्छ । सीपगत दृष्टिले नमुना अभ्यासहरू औचित्यपूर्ण छन् वा छैनन् ? प्रश्नहरू विद्यार्थीको रुचि, आवश्यकता र तह अनुसार छन् वा छैनन् ? पाठ्यक्रम अनुरूपताको आधारमा नमुना अभ्यास छन् वा छैनन् ? भन्ने कुरा यस अध्ययनबाट थाहा भएको छ ।

यस अनुसन्धाबाट भविष्यमा पाठ्यक्रमविद्लाई पाठ्यक्रम निर्माण गर्न, पाठ्यक्रम अनुरूपताको आधारमा भाषा पाठ्यपुस्तक निर्माण गर्न सहयोग मिल्ने छ । नमुना अभ्यासमा भएको कमीकमजोरीलाई केही मात्रामा भए पनि हटाई स्तरीय पाठ्यपुस्तक निर्माण गर्न सहयोग पुग्नेछ । भावी अनुसन्धातालाई पनि यसले सहयोग पुऱ्याउने भएकाले यसको महत्त्व रहेको छ ।

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन शैक्षिक सत्र २०७१ मा संशोधन गरी लागू गरिएको कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको विश्लेषणमा मात्र सीमित रहेको छ । यो अध्ययन उक्त तहका नमुना अभ्यासलाई पाठ्यक्रम अनुरूपताका आधारमा हेरिएको छ । उक्त अभ्यासलाई सीपगत आधारमा र तहगत आधारमा अध्ययन गरी प्राप्त निष्कर्षका आधारमा सुझाव र समाधानका उपायहरू पनि प्रस्तुत गरिएको छ । यसका लागि सम्बन्धित विषय शिक्षकहरूबाट प्राप्त भएका अभिमतहरूलाई मात्र विश्लेषणको आधार बनाएको छ ।

# परिच्छेद -दुई

# सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

सिद्धान्त तथ्यहरूको अन्तरसम्बन्धको योग हो, ती तथ्यहरू अनुसन्धानबाटै प्राप्त हुन्छन् (सिवाकोटी, २०६४) । अनुसन्धानबाट विभिन्न अवधारणा, नियम उपनियमहरूको निर्माण गरी त्यसलाई सैद्धान्तिक रूप प्रदान गर्न सकिन्छ साथै अनुसन्धानबाट नयाँ सिद्धान्तको निर्माण गर्न पनि सकिन्छ । कुनै पनि विषयवस्तुको बारेमा अध्ययन गर्नु भनेको मूलतः नयाँ सिद्धान्तको निर्माण गर्नु नै हो । अनुसन्धान के कसरी अघि बढाउने भन्ने सन्दर्भमा सिद्धान्तले निर्देशकको कार्य गर्ने भएकाले अनुसन्धानमा सिद्धान्तको महत्त्वपूर्ण भूमिका रहन्छ । सिद्धान्तले अनुसन्धानकर्ताका लागि समयको वचत, आवश्यक तथ्य कुराहरूको सङ्कलन गरी अध्ययन कार्यलाई व्यवस्थित गर्न मद्दत गर्दछ । यसले अनुसन्धानलाई अर्थपूर्ण बनाई सामान्यीकरण गर्न र सैद्धान्तिक  अवधारणात्मक ढाँचा प्रदान गरी शोधलाई विश्वसनीय बनाउन मद्दत गर्दछ ।

जुनसुकै विषयमा अनुसन्धान गर्नुपूर्व सैद्धान्तिक  ढाँचा निर्माण गर्नु आवश्यक  हुन्छ । सैद्धान्तिक  ढाँचाले अनुसन्धाकार्यलाई तथ्यपूर्ण, विश्वसनीय र व्यावहारिक बनाउने गर्दछ । सबै सिद्धान्त तथ्यबाट सुरू भएर तथ्यमा नै अन्त्य हुन्छन् । तथ्य नै सिद्धान्त सुरू गर्ने बिन्दु हो (ऐ.) । काल्पनिक र आधारविहीन कुराहरूबाट सिद्धान्त निर्माण गर्न सकिँदैन । त्यसैले  सिद्धान्त तथ्यबाट सुरू भएर तथ्यमा नै अन्त्य हुन्छ । सत्य, तथ्य र विश्वसनीय विषयवस्तुलाई मात्र आधार बनाएर अनुसन्धान कार्य गर्ने गरिन्छ जसले गर्दा नयाँ सिद्धान्त निर्माण गर्ने कार्यमा मद्दत गर्दछ । सिद्धान्तले अध्ययनलाई व्यवस्थित गरी नयाँ क्षेत्रको खोज, समान्यीकरण र नयाँ अध्ययनको शैली उपलब्ध गराउँछ । साथै तथ्यहरूलाई वैज्ञानिक रूपमा विश्लेषण गर्न सहयोग गर्दछ । त्यसैले कुनै पनि अनुसन्धानको प्रमुख उद्देश्य भनेको नै सिद्धान्त प्रतिपादन गर्नु हो ।

यस अध्ययनको सन्दर्भमा विषयवस्तुको गहन अध्ययन गरी सैद्धान्तिक  ढाँचा निर्माण गरिएको छ । अभ्याससँग सम्बन्धित विषयवस्तु भएकाले अभ्यास तथा पुनरावृत्तिका माध्यमबाट सिकाइ उपलब्धि हासिल गर्ने विषयमा नयाँ सिद्धान्तको निर्माण गर्न सकिने अपेक्षा गरिएको छ । भाषा अभ्यास तथा पुनरावृतिबाट सिकिने विषयवस्तु भएकाले पाठ्यपुस्तकमा समावेश गरिने अभ्यासहरू पनि  अभ्यासोन्मुख हुनुपर्ने र सम्बन्धित विषयवस्तुको नजिक रहेर सिर्जनात्मक र

वैज्ञानिक ढाँचामा निर्माण गरिनु पर्दछ । जसबाट अध्ययन अनुसन्धानका क्षेत्रमा नयाँ सिकाइको सिद्धान्त निर्माण गर्न मद्दत मिल्दछ । निरन्तर अभ्यासले नै सिकाइलाई व्यवस्थित र विश्वसनीय बनाउँदै लैजाने भएकाले सैद्धान्तिक अवधारणात्मक ढाँचा अनुरूप पाठ्यपुस्तकमा अभ्यासलाई समावेश गर्नु पर्दछ । नमुना अभ्याससँग सम्बन्धित विषयवस्तु भएकाले अभ्यास तथा पुनरावृति वा सिकाइको सिद्धान्तसँग पनि नजिक रहेर विश्लेषण गर्न सकिन्छ । स्किनरको कार्यबाहक सम्बद्ध सिकाइको सिद्धान्तले पटक पटकको अभ्यास तथा पुनरावृतिबाट सफलता प्राप्त गर्न सकिने कुरालाई जोड दिएको छ उनको परेवा र मुसा माथिको प्रयोगले यसै कुराको पुष्टि गर्दछ । स्किनरले स्किनर बक्सभित्र  मुसालाई राखेर पटक पटकको अभ्यासबाट मात्र लिभर थिच्न सफल भएको कुरा प्रयोगबाट देखाएका छन् । त्यसै गरी सिकाइ पनि पटक पटकको अभ्यासले मात्र प्राप्त हुने कुरा हो । विद्यार्थीले कुनै पनि कुरामा ज्ञान हासिल गर्नका लागि सक्रिय हुनु आवश्यक छ सिकाइले मानिसलाई व्यवहारमा अभ्यस्त बनाउन मद्दत गर्दछ । यस सन्दर्भमा पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न प्रकारका अभ्यासहरूले विद्यार्थीहरूमा विविध भाषिक सीपको विकास गर्नुका साथै सिकाइप्रति सक्रिय हुन मद्दत पुग्ने देखिन्छ ।

पाठ्यपुस्तकमा उपयुक्त नमुना अभ्यासको अध्ययनको परम्परा निकैं लामो देखिन्छ । सैद्धान्तिक रूपमा प्रायोगिक भाषाविज्ञानका शाखाका रूपमा भाषा शिक्षणको विकास भएदेखि नै यस विषयमा भएका सैद्धान्तिक तथा प्रायोगिक अध्ययनलाई  निम्नअनुसार कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

नमुना अभ्यासको सैद्धान्तिक पक्षको चर्चाका सन्दर्भमा शर्मा र पौडेल (२०६०) मा यस्तो उल्लेख गरिएको पाइन्छ :

‘उपयुक्त र स्तरयुक्त भाषा पाठ्यपुस्तक त्यसैलाई मान्न सकिन्छ,जसमा भाषिक अभ्यासका यावत र उपयुक्त विशेषताले भरिपूर्णता कायम गरिएको हुन्छ । अभ्यास विद्यार्थीको स्तरअनुरूप होस्, पाठ्यक्रमको मर्मअनुरूप होस्, विविधतापूर्ण होस्, सीपकर होस्, रुचिपूर्ण होस्, उत्साहपूर्ण होस्, तथा प्रभावकारी ढङ्गले उपलब्धितर्फ डोऱ्याउन सक्षम होस् भन्ने कुरामा भाषापाठ्यपुस्तक सचेत हुन आवश्यक छ । उक्त कुराहरूप्रति सचेत रहेको पाठ्यपुस्तकलाई नै वैज्ञानिक र व्यावहारिक पाठ्यपुस्तक मान्न सकिन्छ र उपयुक्त पनि मान्न सकिन्छ ।’

ढुङ्गाना (२०६७) द्वारा नमुना अभ्यासको सैद्धान्तिक पक्षको सन्दर्भमा यसरी चर्चा गरिएको पाइन्छ :

'भाषिक सीपहरू अभ्यासद्वारा मात्र प्राप्त हुन्छन् । विषयगत र विधागत प्रकृति अनुसार भाषा पाठ्यपुस्तकमा अभ्यासहरूको योजना गरिनु जरुरी छ । भाषापाठ्यपुस्तकमा पर्याप्त अभ्यासहरू समावेश हुनुपर्छ र तिनीहरूमा विविधता पनि हुनु अति आवश्यक हुन्छ । अभ्यासलाई नमुनाका रूपमा लिई त्यस्तै थुप्रै अभ्यास गराउने प्रयास सम्बन्धित शिक्षकले गरून् भन्ने ध्येयसमेत भाषा पाठ्यक्रमले राखेको हुन्छ । राम्रो पुस्तक त्यही ठहर्छ, जसमा अभ्यास पर्याप्त दिइएको छ र ती अभ्यासमा विविधता छ । अभ्यास र आवृत्ति भाषा शिक्षणको सिर्जनात्मक क्षमतालाई उजागर गर्न सक्ने अभ्यासहरू पनि समावेश गरिनु आवश्यक हुन्छ । '

भण्डारी र अन्य (२०६८) द्वारा नमुना अभ्यासको सैद्धान्तिक पक्षलाई प्रष्ट पार्ने सवालमा यस्तो कुरा उल्लेख गरिएको पाइन्छ :

'भाषापाठ्यपुस्तकको महत्त्वपूर्ण पक्ष नै अभ्यास हो । अभ्यासबाट नै विद्यार्थीमा भाषिक सीपको विकास हुन्छ र ऊ दक्ष बन्न सक्दछ । पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूप सीपपरक-विषयवस्तु अनुरूप, विधा अनुरूप भाषा तत्त्व तथा शब्दभण्डारगत अभ्यासहरूको संयोजन गरिनु पर्दछ । सरलदेखि जटिल तथा विद्यार्थीको रूचि, स्तर, क्षमतालाई ख्याल गरेर अभ्यासको योजना प्रस्तुत गरिएमा पाठ्यक्रमको अपेक्षा पनि पूरा गर्न सहज हुन सक्दछ ।'

नमुना अभ्यासको सैद्धान्तिक पक्षको चर्चाका सन्दर्भमा ढकाल (२०७०)द्वारा यस्तो विचार उल्लेख गरिएको पाइन्छ :

'भाषिक सीपहरू विना अभ्यास प्राप्त हुँदैनन् । हासिल भएका सीपहरूलाई स्तरीय बनाउँदै जान र तिनीहरूको स्थायित्वका अभ्यासलाई बारम्बार दोहोर्‍याउनु पनि जरुरी हुन्छ । पाठ्यपुस्तकमा नमुना अभ्यास निर्माणको योजना गर्दा पाठअनुरूप, सीपपरक, विषयवस्तु अनुरूप, विधागत अनुरूपता, विविधता गरेर सिक्ने सिद्धान्तमा आधारित निर्देशनात्मक, स्वतन्त्र र सिर्जनात्मक प्रतिभाको प्रस्फुटन गराउने, कक्षाको स्तर मनोवैज्ञानिक पक्ष र शैक्षणिक अवस्थाको ख्याल गरिएको हुनुपर्छ ।'

भाषिक सीपलाई निरन्तर दोहोर्‍याएर सिक्ने कामका लागि प्रयोग गरिएको अभ्यास नै नमुना अभ्यास हो अतः सैद्धान्तिक रूपमा हेर्दा भाषा पाठ्यपुस्तकमा प्राज्ञिक तथा आन्तरिक विशेषताका नमुना अभ्यास रहेको हुन्छ । नमुना अभ्यासमा पर्याप्तता, स्तरीयता, विविधतामूलक, रूचिपूर्ण तथा सरलबाट जटिल आदि जस्ता विशेषता हुन आवश्यक हुन्छ । त्यसकारण नमुनाअभ्यासलाई विभिन्न

रूपबाट प्रस्तुत गरी विद्यार्थीसामु व्यक्त गर्न सकेमा पाठ्यक्रम तथा पाठ्यपुस्तकका उद्देश्यहरू वृद्धि हुने गर्दछन् । यसर्थ प्रस्तुत नमुना अभ्यासको अध्ययन विश्लेषण गरिएको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

प्रस्तुत त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअर्न्तगत शिक्षा स्नातकोत्तर तहमा नेपाली विषयको शिक्षण प्रारम्भ भएपछि नेपाली भाषा शिक्षणसँगै सम्बन्धित औपचारिक अनुसन्धानको प्रारम्भ भएको पाइन्छ । यसपछि भएका भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन सम्बन्धित साहित्यको अध्ययनलाई निम्नानुसार कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

अधिकारी र शर्मा (२०५४) ले नेपाली भाषा शिक्षण विधिमा उल्लेख गर्नुका साथै उक्त पुस्तकको परिशिष्टमा नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण गरेको पाइन्छ । उक्त अध्ययनमा प्राथमिक तहको पाठ्यक्रमअनुसार पाठ्यपुस्तक हुन नसकेको विधाहरूको चयन गरिए तापनि सङ्ख्यामा कम भएको र पाठको प्रस्तुति, विषयवस्तुको विस्तार, भाषाशैली आदिजस्ता पक्षहरू कक्षा- १ मा सन्तोषजनक नै भए तापनि अन्य कक्षामा नभेटिएको उल्लेख पाइन्छ । उक्त विश्लेषणमा अभ्यास पक्ष पनि कतै कम र कतै अनावश्यक रूपमा पुनरावृत्ति र सिर्जनशील अभ्यास भन्दा परम्परागत प्रवृत्तितर्फ ढल्केको निष्कर्ष निकालिएको पाइन्छ ।

दाहाल (२०५५) द्वारा निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास एक अध्ययनमा नमुना अभ्यास व्यावहारिक नभएको, व्याकरणिक अभ्यासको शृङ्खला टुटेको, व्याकरणसम्बन्धी अभ्यासहरू पर्याप्त नभएको, केही अभ्यासहरू विद्यार्थीको क्षमताभन्दा उच्च रहेको, छनोट र स्तरणको ख्याल नभएको भन्ने निष्कर्ष निकालिएको छ ।

अर्याल (२०५९) द्वारा कक्षा नौको नेपाली भाषाको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासको सबल र दुर्बल पक्षको पहिचान गर्नु साथै नमुना अभ्यासको वर्गीकरण गर्नु रहेको छ । वर्णनात्मक ढाँचामा गरिएको उक्त अध्ययनले नेपाली भाषाशिक्षणका लागि राखिएका नमुना अभ्यासहरू विद्यार्थी र शिक्षकका लागि उपयुक्त वा वैज्ञानिक रहेको, पाठ्यपुस्तकमा सीप पक्षलाई बढी महत्त्व दिइएको भएतापनि बोधात्मक अभ्यासहरू सन्तुलित नरहेको निष्कर्ष निकालेको छ ।

सुवेदी (२०६१) द्वारा कक्षा छ को नेपाली किताब र नेपाली मालामा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनको उद्देश्य कक्षा छको हाम्रो नेपाली किताब र नेपाली मालामा समाविष्ट नमुना अभ्यासको विश्लेषण गर्नु रहेको छ । पुस्तकालयीय विधि अनुरूप गरिएको उक्त शोधकार्यले प्राविधिक, अनेकार्थक, अनुकरणात्मक र उखानटुक्का जस्ता शब्दहरूको प्रतिनिधित्व कम रहेको, पाठ्यक्रमअनुसार पाठ्यपुस्तक तयार गर्दा हाम्रो नेपाली किताबमा दिइएको जस्तै अभ्यासहरूको सैद्धान्तिक अवधारणालाई ख्यालमा राखी अभ्यासहरूलाई स्थान दिइएको कुरा भए पनि प्राविधिक, अनेकार्थक, अनुकरणात्मक र उखानटुक्का जस्ता शब्दहरूको प्रतिनिधित्व कम रहेको देखिन्छ ।

ठकुरी (२०६१) द्वारा हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपाली माला कक्षा ६ नमुना अभ्यासको तुलनात्मक अध्ययनमा हेर्दा ज्ञानसम्बन्धी नमुना अभ्यासलाई कम महत्त्व दिएको र पाठ्यभार अनुसार उचित अभ्यासको संयोजन नभएको, अभ्यासमा प्राविधिक, अनेकार्थक, अनुकरणात्मक, उखान- टुक्का जस्ता शब्दहरूको प्रतिनिधित्व कम भएको भन्ने निष्कर्ष निकालिएको छ ।

गौतम (२०६२) द्वारा कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययनमा अभ्यासहरू विधागत क्षेत्र र क्रम अनुसार रहेको, उद्देश्यको विभिन्न तहलाई नुमना अभ्यासमा समेट्न खोजिएको, शब्दभण्डारका अभ्यासलाई आगमनात्मक विधिबाट सिकाइने प्रयास गरिएको र अभ्यासमा निर्देशनका अभाव रहेको भन्ने निष्कर्ष निकालिएको छ ।

पाण्डे (२०६३) द्वारा कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन शीर्षकमा शोध कार्य गरिएको छ । यस शोधको उद्देश्य विविध दृष्टिकोणले कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको विवेचना गर्नु रहेको छ । यस शोध कार्य पुस्तकालयीय विधिमा केन्द्रित रहेको छ । यस शोधकार्यले अभ्यासलाई विधाअनुसार पाठसम्बद्ध तुल्याउने प्रयास गरिएको भएता पनि नमुना अभ्यासमा वस्तुगत प्रश्नमा ध्यान नदिइएको साथै जीवनी विधाको क्षेत्र र क्रमअनुसार पाठहरूको संयोजन हुन नसकेको देखिन्छ । यस अध्ययनले अभ्यासलाई विधाअनुसार पाठ सम्बद्ध तुल्याउने प्रयास गरे पनि अभ्यासभित्र सिर्जनात्मक क्षमता विकास गर्ने खालका अभ्यासहरूको कमी देखिन्छ ।

अधिकारी (२०६५) प्राथिमक तह कक्षा तीनको मेरो नेपाली किताब २०६३ मा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययनमा विधा अनुसार अभ्यासहरू नभएको, सबै भाषिक सीप विकासमा नमुना अभ्यासहरू समानुपातिक र सुहाउँदा नभएका, नमुना अभ्यासहरूलाई सरलबाट जटिलको क्रममा नमिलाइएको , अभ्यास सन्तुलित र पर्याप्त नभएको निष्कर्ष पाइन्छ ।

भट्टराई (२०६७) द्वारा कक्षा नौको भाषा पााठ्यपुस्तकमा समाविष्ट व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषणात्मक अध्ययन शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनको उद्देश्य पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषणात्मक अध्ययन गर्नु रहेको छ । पुस्तकालयीय विधिमा केन्द्रित रहेर गरिएको यस अध्ययनले पाठ्यपुस्तकको पाठ एकमा शब्दवर्गमा पर्ने नाम, सर्वनाम विशेषण र क्रियापद पछि करण अकरणलाई समावेश गरिएको कुरा औंल्याएको भए तापनि व्याकरणिक पाठ्यवस्तुको स्तरण गर्दा पाठ्यक्रम र पाठ्यपुस्तकमा एकरूपता पाइँदैन साथै पाठ्यक्रममा करण / अकरणका सम्बन्धमा केही उल्लेख गरिएको  देखिँदैन ।

ढुङ्गाना (२०६७) ले कक्षा छको हाम्रो नेपाली किताब र रसिलो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूको तुलानात्मक अध्ययनमा पाठ्यपुस्तकमा नमुना अभ्यासको वितरण सन्तुलित रूपमा नभएको, अभ्यासको तालमेल नमिलेको, सीप विकासका उपयुक्त हुन नसकेको, व्याकरणात्मक अभ्यासमा प्रयोगात्मक अभ्यासका साथै बोधगत र सिर्जनात्मक अभ्यासलाई पनि महत्त्व दिनुपर्ने निचोड निकालिएको छ ।

पराजुली, ( २०६८) द्वारा  कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' भित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली किताब' मा समावेश गरिएका नमुना अभ्यासको तुलनात्मक अध्ययन गर्नु रहेको छ । उक्त अध्ययन पुस्तकालयीय विधि तथा वर्णनात्मक ढाँचामा केन्द्रित रहेर गरिएको छ । उक्त अध्ययनले व्याकरणसम्बन्धी अभ्यासलाई हाम्रो नेपाली किताबमा छुट्टै रूपमा प्रस्तुत गरिएको छ भने रसिलो नेपालीमा विधागत अभ्याससँग छ्यासमिस ढङगले समावेश गरिएको निष्कर्ष निकालेको छ । यस शोधकार्यले भाषिक सीपसम्बन्धी अभ्यासलाई महत्त्व दिएको भए तापनि हाम्रो नेपाली किताब र रसिलो नेपालीमा प्रयुक्त नमुना अभ्यासहरूलाई कुन कुन आधारबाट तुलना गर्ने भन्ने कुरा स्पष्ट खुलाएको पाइँदैन ।

काफ्ले (२०६९) द्वारा कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययनमा नमुना अभ्यासलाई उद्देश्यमूलक र व्यावहारिक बनाउन खोजिएको, भाषिक सीपलाई सन्तुलित बनाउन नसकेको, विधा अनुसार अभ्यासहरू मिल्दो नभएको र बोलाइ सीप विकासका कार्यकलापहरू कम भएको, नमुना अभ्यासहरू सरलदेखि जटिलको क्रममा राखिनुपर्ने र विधा अनुरूप सिर्जनात्मक अभ्यासहरू समावेश गर्नुपर्ने निष्कर्ष निकालिएका छन् ।

खतिवडा (२०६९) द्वारा भाषिक सीप विकासका दृष्टिले कक्षा दसको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययनमा नमुना अभ्यासहरू विद्यार्थीको औसत क्षमताभन्दा स्तरीय देखिनु, समुहगत कार्यकलापसम्बन्धी अभ्यासहरू पर्याप्त नदेखिनु, पर्याप्त मात्रामा बोलाइ सीपलाई महत्त्व दिन नसकेको, नमुना अभ्यासमा रखाई क्रम निर्देशन, सिर्जनात्मकताको अभावको भाषिक सीप विकासमा केन्द्रीकृत रहन मौखिक अभिव्यक्तिगत अभ्यासहरू थप गर्नुपर्ने र अभ्यासले क्रियाकलापमुखी भई वैयक्तिक रुचिको क्षेत्र समेटनु पर्ने भन्ने निष्कर्ष निकालिएको छ ।

यसरी विभिन्न विद्वानहरूले विभिन्न शीर्षकहरूमा प्रस्तुत गरिएको शोधकार्यका निष्कर्षलाई हेर्दा वर्तमान कक्षा सातको नेपाली पाठ्यपुस्तक (२०७१) मा समाविष्ट नमुना अभ्यासको अध्ययन विश्लेषण कोही कसैबाट पनि भएको नदेखिएकाले उक्त विषयमा अध्ययन गर्नु आवश्यक ठानिएको छ ।

## २.२ अध्ययनका लागि पुनरवलोकन उपदेयता

प्रस्तुत अध्ययनमा नमुना अभ्यासका लागि सैद्धान्तिक ज्ञानको जानकारीका लागि सैद्धान्तिक अध्ययनहरूले र नमुना अभ्यासको अध्ययन वर्गीकरण तथा विश्लेषणका लागि सम्बन्धित विषयमा भएका प्रायोगिक अध्ययनले सहयोग पुऱ्याउने भएकाले प्रस्तुत अध्ययनको लागि उल्लिखित सामग्रीहरू उपयोगी हुने देखिन्छन् ।

## २.३ अवधारणात्मक ढाँचा

प्रस्तुत अध्ययन निम्नानुसारका ढाँचामा केन्द्रित रही सम्पन्न गरिएको छ :

समस्यासँग सम्बन्धित प्रश्नावली निर्माण

↓

विशेषज्ञ तथा पुस्तकालयबाट सामग्री सङ्कलन

↓

सङ्कलित सामग्रीहरूको वर्गीकरण तथा तालिकीकरण

↓

स्थापित सिद्धान्तका आधारमा सामग्रीको वर्णनात्मक विधिद्वारा विश्लेषण

↓

शोध प्रतिवेदनको निर्माण

# परिच्छेद तीन
# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

प्रस्तुत अध्ययन विशुद्ध गुणात्मक र विशुद्ध परिमाणात्मक नभएर मिश्रित रहेको छ । यस अनुसन्धानको प्रस्तुति वर्णनात्मक रहेको छ । जसमा भाषिक सीप विकासका लागि व्याख्यात्मक र विश्लेषणात्मक अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययन/अनुसन्धानको व्याख्या विश्लेषण गर्न पुस्तकालयीय विधि पाठ्यक्रम र पाठ्यपुस्तक बीचको सम्बन्ध हेर्न तुलनात्मक विधि अपनाएको छ । यस अध्ययनलाई तथ्यगत, वस्तुगत, व्यावहारिक, विश्वसनीय बनाउनका लागि सम्बन्धित विषयका विशेषज्ञ प्राध्यापक तथा विषय शिक्षकहरूको सहयोग लिएको छ । यसका लागि सर्वेक्षण विधि अपनाएको छ । तथ्यहरूको अध्ययन, छनोट तथा विश्लेषणका लाीग पाठ्यक्रम विकास केन्द्र सानोठिमीद्वारा प्रकाशित पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई आधार मानिएको छ । विश्लेषणबाट प्राप्त तथ्याङ्कलाई क्रमसँग तालिकामा देखाइएको छ ।

## ३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति

अध्ययनका लागि कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका नमुना अभ्यासहरू प्रमुख स्रोतका रूपमा लिइएको छ । पाठ्यक्रमका भाषिकसीप सम्बन्धी उद्देश्यको अध्ययन र तहगत आधारमा अध्ययन गरिएको छ ।

यस अध्ययनका लागि जनसङ्ख्याको रूपमा सम्बन्धित विषयका विषय शिक्षकहरू रहेका छन् । जसमध्ये नमुना जनसङ्ख्याका रूपमा मोरङ जिल्ला पथरीशनिश्चरे नगरपालिकामा पर्ने बुद्ध उच्च मा. वि. सखुवारा, भागिरथ उच्च मा. वि. शनिश्चरे, सिंहवाहिनी उच्च मा. वि. रिंगुवा, मेरीगोल्ड इङ्लिस स्कुल शनिश्चरे, बाल कल्याण नि.मा.वि. कीर्तिपुरका नेपाली विषयका विषय शिक्षकहरू नमुना रूपमा रहेका छन् ।

यस अध्ययनको नमुना छनोट विधि उद्देश्यमूलक रहेको छ । यस अध्ययनका लागि नमुना छनोटका रूपमा रहेका विषय शिक्षकहरूलाई उक्त तहमा अध्यापन गरिरहेको अनुभवको रूपमा कार्यकुशलताका आधारमा, शैक्षिक विशिष्टताका आधारमा र शैक्षिक दक्षताका आधारमा छनोट गरिएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

प्रस्तुत अध्ययन कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताका आधारमा गरिएको छ । त्यसैले यस अध्ययनको क्षेत्र, विषयवस्तुको क्षेत्र र भौगोलिक क्षेत्र दुबै रहेको छ । भौगोलिक क्षेत्रमा मोरङ जिल्लाको पथरी शनिश्चरे नगरपालिका रहेको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र प्रक्रिया

यस अध्ययन तथ्याङ्क सङ्कलनका लागि प्रस्तुत कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समावेश नमुना अभ्यासलाई पाठयक्रम अनुरूपताका आधारमा विश्लेषण गरिएको छ । यसका साथसाथै यस शोधकार्यमा सम्बन्धित विद्यालयमा गई सम्बन्धित विषय शिक्षकहरूसँगको अभिमतहरूको जानकारीका लागि विभिन्न प्रश्नावली निर्माण गरी व्याख्या विश्लेषण सहित अनुसन्धानात्मक ढाँचामा अध्ययन गरिएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

यो अध्ययन निर्धारित पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासहरूलाई भाषिक सीपका आधारमा विभिन्न समूहहरूमा छुट्याई तिनलाई समूह समूहमा तालिकीकरण गरी प्रतिशतमा तिनको सङ्ख्या निर्धारण गरिएको छ । यसै आधारमा ती नमुना अभ्यासहरूको विस्तृत व्याख्यात्मक र वर्णनात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ ।

नमुना अभ्यासमा रहेका प्रश्नहरूका प्रकृतिअनुसार विभिन्न वर्गमा वर्गीकरण गर्ने र सैद्धान्तिकआधार अनुसार तिनको उपयुक्तता तथा सान्दर्भिकताका बारेमा विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# नतिजाको व्याख्या एवम् विश्लेषण

## ४.१ पाठ्यक्रम अनुरूपताका आधारमा नमुना अभ्यासको विश्लेषण

नमुना अभ्यास शिक्षणको मुख्य उद्देश्य विद्यार्थीहरूमा भाषिक सीपको विकास गर्नु हो । नमुना अभ्यासका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारै सीपको अभ्यास गराउनु पर्दछ । भाषा पाठ्यक्रमको उद्देश्य भनेको नै भाषिक सीपमा जोड दिनु हुन्छ । उपयुक्त र स्तरयुक्त भाषा पाठ्यपुस्तक त्यसैलाई मान्न सकिन्छ जसमा भाषिक अभ्यासका यावत र उपयुक्त विशेषताले भरिपूर्णता कायम गरिएको हुन्छ । भाषा सिक्नु सिकाउनु भनेको यसका ग्रहण (सुनाइ र पढाइ) र अभिव्यक्तिगत (बोलाइ र लेखाइ) सीप सिक्नु सिकाउनु हो । त्यस्तो सीप अभ्यासबाट नै प्राप्त र परिमार्जित हुन्छ , तसर्थ नमुना अभ्यासहरू पाठ्यक्रम अनुरूप हुनुपर्दछ ।

कक्षा ७ को नेपाली (२०७१) पाठ्यपुस्तकमा समावेश गरिएको नमुना अभ्यासको संरचना फरक फरक किसिमको पाइन्छ । यस पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू सबभन्दा पहिला छोटा उत्तर भन्ने र त्यस पछि लामा प्रश्नहरू समावेश छन् । त्यस पछि मात्र लामा छलफल गर्ने व्याख्या गर्ने, भाव विस्तार गर्ने, आदि जस्ता लामा उत्तर आउने प्रश्नहरू समाविष्ट छन् । शुद्ध उच्चारण, शब्दभण्डार जोडा मिलाउने, शुद्धसँग सार्ने, ठीक बेठीक छुट्याउने, उखान टुक्काको प्रयोग गर्ने, व्याख्या गर्ने, अर्थ लेखन आदि अभ्यासहरू राखिएका छन् । व्याकरणअर्न्तगत नाम, सर्वनाम, लिङ्ग बचन, पुरुष, कारक, विभक्ति, श्रुतिसमभिन्नार्थ, काल, पक्ष, भाव, वाक्य आदि प्रकारका प्रश्न (अभ्यास) हरू समावेश गरिएको पाइन्छ । अन्त्यमा प्रत्येक नमुना अभ्यासको पछाडि सिर्जनात्मक प्रश्नहरू पनि राखिएको पाइन्छ ।

सिर्जनात्मक अभ्यासहरू नमुना अभ्यासमा प्रशस्त मात्रामा समावेश गरेर सिर्जनात्मक सीपको विकास गराउन सकिन्छ । सिर्जनात्मक सीपको विकास कार्यकलापहरूमा कथालेखन, मात्र वर्णन, दैनिकी लेखन, निबन्ध लेखन, संवाद लेखन, आदि जस्ता कार्यकलापहरू गराउन सकिन्छ । त्यस्तै छलफल गर्ने, लामो उत्तर दिने खालका अभ्यासहरू पनि सिर्जनात्मक सीप विकास गराउन उपयोगी हुन्छन् । कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा पनि सिर्जनात्मक अभ्यासहरू समावेश गरी सिर्जनात्मक सीप विकास गराउने लक्ष्य राखिएको पाइन्छ ।

शिक्षाका मूल दस्तावेजका रूपमा रहेका विद्यालय क्षेत्र सुधार कार्यक्रम र राष्ट्रिय पाठ्यक्रम विद्यालय शिक्षाको पाठ्यक्रम समक्षमतामा आधारित हुनुपर्ने तथ्य औँल्याएका छन् । विद्यालयबाट प्रदान गरिने सक्षमताहरू पहिचान गरी विद्यालय शिक्षालाई स्तरीय, सान्दर्भिक र उपयोगी तथा सक्षमतामा आधारित बनाउन पाठ्यक्रमले सिकाइ उपलब्धिहरू उल्लेख गरेको छ । यस नेपाली पाठ्यपुस्तकमा विभिन्न विधाका रचनाका माध्यमबाट भाषिक सीप र सिर्जनात्मक क्षमताको विकास गर्नु नै पाठ्यक्रमको मुख्य उद्देश्य रहेको छ । भाषिक सामर्थ्य र सम्पादनलाई भाषाका मुख्य सक्षमता मानिन्छ । त्यसैले यस पाठ्यक्रमलाई मूलतः भाषिक सीप विकासका पक्षमा केन्द्रित गरिएको छ । यसका लागि पाठ्यक्रमले कक्षा सातका सीपसम्बन्धी सिकाइ उपलब्धिहरू

निम्न लिखित पक्षहरूलाई जोड दिएको छ :

**क) सुनाइ र बोलाइ**

क) शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिल्याई शब्द  उच्चारण गर्न ।

ख) सुनेका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न ।

ग) अरूले वर्णन गरेका कुराहरू सुनी आफ्नो शब्दमा व्यक्त गर्न ।

घ) सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्न ।

ङ) सामान्य मौखिक वर्णनहरू सुनी मुख्यमुख्य कुरा बताउन ।

च) साहित्यिक विधाका पाठहरू सुनेर सोसम्बन्धी प्रतिक्रिया जनाउन ।

छ) स्तरअनुसारका मौखिक अभिव्यक्तिहरू (कुराकानी) प्रश्नोत्तर, संवाद, वादविवाद, छलफल, ध्यानपूर्वक सुनी तिनमा भाग लिन ।

ज) आफूले देखे सुनेका , अनुभव गरेका घटना, वस्तु तथा वातावरणका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न ।

झ) हाउभाउ मिलाई उपयुक्त ढङ्गले बोल्न ।

ञ) मौखिक अभिव्यक्तिहरू सुन्ने क्रममा प्रयुक्त हाउभाउ र अभिनयमा ध्यान दिन ।

ट) वक्ताको अभिव्यक्ति सुनी भाषिक मौलिकता पहिचान गर्न ।

**ख) पढाइ**

क) लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न ।

ख) विभिन्न पाठहरू पढी तिनका मुख्यमुख्य कुराहरू बताउन ।

ग) विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरू मौन वाचन गर्न ।

घ) विभिन्न प्रयोजनका लागि कथा, कविता, प्रबन्ध र जीवनीका पाठहरू पढ्न ।

ङ) विभिन्न स्रोतका सामग्रीहरूबाट शब्द भण्डारको वृद्धि गर्न ।

च) पढेका पाठका शब्दहरूको उपयुक्त प्रयोग गर्न ।

छ) पाठमा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न ।

ज) विभिन्न मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्ण पढ्न ।

**ग) लेखाइ**

क) हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न ।

ख) लेख्य चिह्नहरूको उपयुक्त प्रयोग गर्न ।

ग) सफा र स्पष्टसँग लेख्न र लेखेका कुरा दोहोऱ्याई सच्याउन ।

घ) शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न ।

ङ) आफूले देखेका, सुनेका, अनुभव गरेका वस्तु, घटना तथा वातावरणका विषयमा लिखित वर्णन गर्न ।

च) सुनेका र पढेका विषयवस्तुको सार लेख्न ।

छ) अनुच्छेद, चिठी निवेदन, कथा प्रबन्ध, जीवनी र वादविवाद सिलसिला मिलाई लेख्न ।

ज) आफ्नो रुचि अनुसारका विषयमा मौलिक रचना गर्न ।

झ) शब्दहरूलाई लिखित रूपमा उपयुक्त ढङ्गले प्रयोग गर्न ।

ञ) विशिष्ट अंशहरूको भाव विस्तार / व्याख्या गर्न ।

ट) व्याकरणसम्मत वाक्य रचना गर्न ।

ठ) पाठमा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न ।

ड) परियोजना कार्यको माध्यमले भाषिक समस्या समाधान गर्न ।

२०७१ को परिमार्जित नेपाली पाठ्यक्रमका उद्देश्यमा उल्लेख गरेअनुरूप पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासलाई मुख्य दुई तरिकामा वर्गीकरण गरी विश्लेषण गर्न सकिन्छ

क) सीपगत आधारमा

ख) तहगत आधारमा

### ४.१.१ सीपगत आधारमा नमुना अभ्यासको विश्लेषण

सीपगत आधारमा पाठ्यक्रमका उद्देश्यको वर्गीकरण पाठ्यक्रममा नै स्पष्ट रूपमा दिएको छ । भाषाका चार ओटा सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गर्ने उद्देश्यले के कस्ता नमुना अभ्यासहरू पाठ्यपुस्तकमा समावेश गरिएको छ भनी यहाँ अध्ययन तथा विश्लेषण गरिएको छ ।

नमुना अभ्यास शिक्षणका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारै सीपको अभ्यास गराउनु पर्दछ । सुनाइ सीप विकासका क्रममा सस्वर पठन तथा मौनपठन, पठन बोध, प्रश्नोतर, बुँदा टिपोट, सारांश लेखन, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ प्रयोग, श्रुतिलेखन, अनुलेख आदि जस्ता कार्यकलाप गराउनुपर्ने पाठ्यक्रममा उल्लिखित छ । भाषा पाठ्यपुस्तकको मुख्य उद्देश्य भाषिक सीपको विकास गर्नु हो । भाषाका सीपहरू एक आपसमा अन्तर सम्बन्धित हुन्छन् । सुनाइ सीपको विकास गर्नका लागि श्रुतिलेखन, श्रुतिरचना, बुदाँ टिपोट, श्रुतिबोधात्मक प्रश्नोत्तर आदि जस्ता कार्यकलापहरू कक्षा शिक्षणमा गराउन सकिन्छ । नमुना अभ्यासहरूले विश्लेषणात्मक सीप विकास गर्न सक्षम हुन्छन् । विश्लेषणात्मक सुनाइबाट सम्बन्धित विषयको विवेचना विश्लेषण गर्नु, टीका - टिप्पणी गर्नु, खण्डन गर्नु, आफ्नो पक्ष प्रस्तुत गर्नु आदि कार्यकलाप गराउन सकिन्छ । सुनाइमा सिर्जनात्मक क्षमताको विकासलाई बढाउने दृष्टि पनि यही हो । उक्त किसिमको सुनाइ क्षमतामा साना कक्षामा विद्यार्थीहरूमा ज्यादै कम मात्रामा विकास गर्न सकिन्छ । मौखिक अभिव्यक्ति सीपलाई बोलाइ भनिन्छ । बोलाइ सीप विकासका लागि नमुना अभ्यास शिक्षणबाट प्रश्नोत्तर कथाकथन, छलफल, घटनावर्णन खास परिस्थिति वा समस्याबारे विचार व्यक्त गर्ने आदि जस्ता कार्यकलापहरू अपनाउन सकिन्छ । पढाइ भनेको लिपिबद्ध भाषामा उतारिएको ज्ञान एवम् सूचनालाई आफ्ना मस्तिष्कले ग्रहण गर्ने सीप हो । पढाइ सीपविकास गर्नका लागि पनि नमुना अभ्यास शिक्षण एक महत्त्वपूर्ण तत्त्व हो । यस पाठ्यपुस्तकमा समावेश नमुना

अभ्यासबाट पढाइ सीप विकास गर्न सकिन्छ । तल्ला कक्षाका निम्ति उपयुक्त मानिने सस्वर पठनलाई बढी प्रश्रय दिएको भएता पनि मौन पठन कला सीप विकास गर्न पनि प्रयासरत नै देखिन्छ । नमुना अभ्यासबाट प्रशस्तै लेखाइ सीपको विकास गराउन सकिन्छ । लेखाइ सीप विकास गर्नका लागि नमुना अभ्यास शिक्षणबाट अनुलेखन, वा घटना वर्णन, श्रुतिलेखन प्रश्नोत्तरलेखन , बुदाँ टिपोट भावविस्तार सारांश लेखन, अनुच्छेदलेखन, कथालेखन जस्ताकार्य कार्यकलाप गर्न सकिन्छ ।

## ४.१.१.१ सीपगत आधारमा कविता /गीत विधामा सम्बद्ध नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

कविता विधा अर्न्तगत पाठ र सम्बन्ध नमुना अभ्यास शिक्षणको प्रयोग वाचन गर्ने योग्यताको विकास गराउनु, कविताप्रति रुचि सम्बर्द्धन गर्नु, सिर्जनात्मक लेखनका लागि उत्प्रेरित गर्नु, कल्पना शक्तिको विकास गर्नु, आदि  पाठ्यक्रममा रहेको छ ।

**तालिका १ : सीपगत आधारमा कविता /गीत विधामा सम्बद्ध नमुना अभ्यासको वर्गीकरण**

| क्र.स | पाठ्यशीर्षक | भाषिक सीप सम्बन्धी प्रश्नसङ्ख्या | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सु. | बो. | प. | ले. | सु.बो. | प.ले. | ले.बो. | |
| १ | परिचय | | ३ | ३ | ११ | | २ | १ | २० |
| २ | एउटै मुटु एउटै धर्म | | १ | २ | १० | १ | ३ | १ | १८ |
| ३ | सुनैलो भोलि | | ४ | २ | ८ | | | १ | १५ |
| ४ | सभ्यता | | १ | | १५ | | | २ | १८ |
| | जम्मा | | ९ | ७ | ४४ | १ | ५ | ५ | ७१ |

माथिको तालिकामा प्रस्तुत सीपगत वर्गीकरण हेर्दा कविता, गीत विधा अर्न्तगत ४ ओटा पाठमा जम्मा ७१ ओटा नमुना अभ्यासहरू समावेश भएका छन् । जसमध्ये सुनाइ सीपसँग कतै कुनै प्रश्नहरू सम्बन्धित छैनन् ।  बोलाइ सीप अर्न्तगत ९ ओटा, पठाइ सीप अर्न्तगत ७ ओटा लेखाइ सीप अर्न्तगत ४४ ओटा सुनाइ बोलाइ सीप अर्न्तगत १ ओटा, पढाइ लेखाइ सीप अर्न्तगत ५ ओटा लेखाइ बोलाइ सीप अर्न्तगत ५ आटा गरी जम्मा ७१ ओटा प्रश्नहरू समावेश भएका छन् ।

यसरी कविता /गीत विधाका नमुना अभ्यासमा सुनाइ सीपलाई प्रभावकारी रूपमा समावेश गरिएको छैन् । बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्ने उद्देश्य पाठ्यक्रम अनुरूप नै देखिन्छ । लेखनकला सीप विकास गर्न दिएका नमुना अभ्यासहरू सकारात्मक पक्ष मानिन्छ भने कविताको अनुकरणात्मक तथा सामुहिक वाचन गर्ने कलाको लागि दिएका अभ्यासहरू यसको राम्रो पक्ष मानिन्छ । सुनाइ सीपलाई ख्याल नगर्नु यसको नकारात्मक पक्ष मानिन्छ ।

### ४.१.१.२ सीपगत आधारमा कथा विधामा सम्बद्ध नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

कथा भाषिक सीप विकास गराउने महत्त्वपूर्ण विधा हो । कथा विधाको प्रयोजन साहित्यिक आस्वादन गराउनु भाषिक परिष्कार साथै स्वस्थ्य मनोरञ्जन गराउनु, सृजनशील क्षमताको विकास गराउनु, नमुना अभ्यासको माध्यमबाट सस्वर पठन, मौनपठन, प्रश्नोत्तर, सांराश, घटनाक्रम मिलाउने, अनुलेखन, श्रुतिलेखन जस्ता अभ्यासहरू गराउनु पर्दछ ।

**तालिका २ : सीपगत आधारमा कथा विधामा सम्बद्ध नमुना अभ्यासको वर्गीकरण**

| क.स | पाठ्यशीर्षक | भाषिक सीपसम्बन्धी प्रश्नसङ्ख्या | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सु. | बो. | प. | ले. | सु.बो. | प.ले. | ले.बो. | |
| १ | मामालाइ सुधार्ने भान्जा | | ४ | ४ | १० | २ | २ | १ | २२ |
| २ | सातदिने सभा | २ | ३ | २ | ११ | | १ | | १९ |
| ३ | सुन उगेल्ने भाले | १ | ७ | २ | १० | १ | | | २१ |
| ४ | बोधिसत्वको कथा | | ४ | २ | १४ | १ | २ | | २३ |
| ५ | रिस र राक्षक | | ३ | | १३ | २ | १ | | १९ |
| ६ | बाक्लो दाल | | १ | १ | १४ | २ | २ | | २० |
| | जम्मा | ३ | २२ | ११ | ७१ | ८ | ९ | १ | १२४ |

माथिको तालिकामा हेर्दा कथा विधाका जम्मा ६ ओटा पाठमा समाविष्ट नमुना अभ्यासका १२४ अभ्यास रहेका छन् । सुनाइ सीपसँग सम्बन्धित ३ ओटा, बोलाइ सीप सम्बन्धी २२ ओटा, पढाइ सीप सम्बन्धी ११ ओटा, लेखाइ सीप सम्बन्धी ७१ ओटा, सुनाइ र बोलाइ सीप सम्बन्धी ८ ओटा, पढाइ र लेखाइ सम्बन्धी ९ ओटा लेखाइ र बोलाइ सम्बन्धी १ ओटा प्रश्नहरू रहेका छन् ।

यसरी कथा विधामा रहेको नमुना अभ्यासको विश्लेषण गर्दा भाषाका चारवटै सीपलाई अन्तरसम्बन्धित बनाउन खोजे पनि लेखाइ सीपलाई बढी जोड दिएको पाइन्छ । कथा विधा भनेको साहित्यिक आस्वादन गराउने तथा सृजनशील क्षमताको विकास गराउने भएकाले त्यस खालका नमुना अभ्यास पाठ्यक्रमका उद्देश्यहरू अनुरूप देखिन्छ ।

### ४.१.१.३ सीपगत आधारमा प्रबन्ध विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

निबन्ध शब्दले भाव र विचारलाई सुनियोजित र सुव्यवस्थित रूपमा बाँधेर प्रस्तुत गर्ने समसामयिक साहित्यलाई जनाउँछ । निबन्ध शिक्षणको मुख्य प्रयोजन लेखन कलाको विकास गर्नु, बोध र अभिव्यक्ति क्षमताको विकास गर्नु, साहित्यप्रति रुचि जगाउनु आदि रहेको छ ।

**तालिका ३ : सीपगत आधारमा प्रबन्ध विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण**

| क्र.स | पाठ्यशीर्षक | भाषिक सीपसम्बन्धी प्रश्नसङ्ख्या | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सु. | बो. | प. | ले. | सु.बो. | प.ले. | ले.बो. | |
| १ | सांस्कृतिक एकताको पर्व छट | | ३ | ३ | १४ | १ | २ | | २३ |
| २ | प्रकृतिको सुन्दर स्थल खप्तड | | २ | ३ | ८ | | २ | २ | १७ |
| ३ | म सौर्य ऊर्जा हुँ | | ३ | १ | १३ | १ | १ | | १३ |
| ४ | नेपालको धार्मिक वास्तुकला | | ३ | ३ | १० | | | १ | १७ |
| | जम्मा | | ११ | १० | ४५ | २ | ५ | ३ | ७६ |

माथिको तालिकामा हेर्दा प्रबन्ध विधाका जम्मा ४ ओटा पाठमा समाविष्ट नमुना अभ्यासका ७६ ओटा नमुना अभ्यासमध्ये सुनाइ सीपसँग सम्बन्धित छैनन् । बोलाइ सीपसँग सम्बन्धित ११ ओटा पढाइ सीपसँग सम्बन्धित १० ओटा लेखाइ सीपसँग सम्बन्धित ४५ ओटा सुनाइ र बोलाइ सीपसँग २ ओटा, पढाइ र लेखाइ सीपसँग सम्बन्धित ५ ओटा, लेखाइ र सुनाइ सीपसँग सम्बन्धित ३ ओटा प्रश्नहरू रहेका छन् ।

प्रबन्ध विधामा समावेश नमुना अभ्यासको अध्ययन गर्दा सुनाइ सीपसँग सम्बन्धित प्रश्नहरू देखिँदैन । निबन्ध शिक्षणको मुख्य प्रयोजन लेखन कलाको विकास गर्नु, बोध र अभिव्याक्ति क्षमताको

विकास गर्नु, साहित्यप्रति रुचि जगाउनु आदि रहेको छ । त्यसैले बोलाइ, पढाइ लेखाइ सीपलाई क्रमश बढाउँदै लगिएको छ । प्रबन्ध विधाको मूल प्रयोजन लेखनकला शैलीको विकास गर्ने रहेकाले यस विधाका नमुना अभ्यासहरू पाठ्यक्रमको उद्देश्य अनुरूप देखिन्छन ।

### ४.१.१.४ सीपगत आधारमा संवाद तथा वादविवाद विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

रूपक विधाभित्रको एक उपविधाअर्न्तगत रहेको संवाद बोलाइ सीप विकासको विकास गर्न तर्कपूर्ण अभिव्यक्ति व्यक्त गर्न, हाउभाउ तथा अभिनय सहित कुरा गर्न भाषा पाठ्यपुस्तकमा राखिन्छ ।

**तालिका ४ :सीपगत आधारमा संवाद तथा वादविवाद विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण**

| क.स | पाठ्यशीर्षक | भाषिक सीप सम्बन्धी प्रश्नसङ्ख्या | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | सु. | बो. | प. | ले. | सु.बो. | प.ले. | |
| १ | आन्तरिक पर्यटन | | ४ | ५ | ८ | | ३ | २० |
| २ | उद्योगलाई भन्दा कृषिलाई जोड | | ५ | ५ | ११ | २ | | २३ |
| | जम्मा | | ९ | १० | १९ | २ | ३ | ४३ |

माथिको तालिकामा संवाद तथा वादविवाद विधाका २ ओटा पाठमा ४३ ओटा प्रश्नहरू समावेश भएका छन् । जसमध्ये सुनाइ सीपसँग सम्बन्धित छैनन् । बोलाइ सीपसँग सम्बन्धित ९ ओटा, पढाइ सीप सम्बन्धित १० ओटा, लेखाइ सीपसँग सम्बन्धित १९ ओटा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित २ ओटा, पढाइ र लेखाइ सीपसँग सम्बन्धित ३ ओटा प्रश्नहरू समावेश भएका छन् ।

यस संवाद तथा वादविवाद विधामा अभ्यासको चार ओटै सीपलाई समावेश गरिएको छैन । संवाद विधाको मूल प्रयोजन बोलाइ सीपको विकास गर्ने रहेको हुन्छ भने यस अध्ययनमा लेखाइ सीपलाई बढी जोड दिए तापनि अन्य विधाको तुलनामा बोलाइ सीप विकास गराउने उद्देश्य पूरा गर्न खोजिएको छ । लेखाइ सीपका उद्देश्यहरू पढाइ, सुनाइ, बोलाइ सीपका अभ्यासहरू बढी राखेमा यी विधाका नमुना अभ्यासहरू उपयुक्त देखिन्छ ।

### ४.१.१.५ सीपगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण र विश्लेषण

जीवनी विधा सिकाइको मुख्य उद्देश्य भाषाका मौखिक तथा लिखित अभिव्यक्ति सीपको विकस गर्नु, विशिष्ट व्यक्तित्वका जीवनमा घटेका घटनाहरूलाई आधारमानी प्रस्तुत गरिन्छ । यस्ता पाठहरूबाट श्रुतिबोध, पठन बोध, सस्वर तथा मौन पठन, सारांश, घटना क्रम मिलाउने , श्रुति लेखन, अनुलेखन जस्ता क्रियाकलापका अधारमा नमुना अभ्यासको अध्ययन विश्लेषण गरिन्छ ।

**तालिका ५ : सीपगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण र विश्लेषण**

| क.स | पाठ्यशीर्षक | भाषिक सीप सम्बन्धि प्रश्नसङ्ख्या | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | सु. | बो. | प. | ले. | सु.बो. | प.ले. | |
| १ | साहित्यकार झमक | | २ | २ | १० | २ | ३ | २० |
| २ | अलेक्जेन्डर फ्लेमिङ | | ४ | २ | १३ | | | १९ |
| ३ | आबाल ब्रह्मचारी षडानन्द | | ४ | | १२ | १ | | १७ |
| | जम्मा | | १० | ४ | ३५ | ३ | ३ | ५६ |

माथिको तालिकामा जीवनी विधाका ३ ओटा पाठमा जम्मा ५६ ओटा नमुना अभ्यासहरू दिएका छन् । जसमा सुनाइ सीपसँग सम्बन्धित छैनन् । बोलाइ सीपसँग सम्बन्धित १० ओटा, पढाइ सीपसँग सम्बन्धित ४ ओटा, लेखाइ सीपसँग ३५ ओटा, सुनाइ र बोलाइ सीपसँग सम्बन्धित ३ ओटा पढाइ र लेखाइ सीपसँग सम्बन्धित ३ ओटा प्रश्नहरू समावेश छन् ।

सीपगत आधारमा जीवनी विधाका ३ नमुना अभ्यासको वर्गीकरणलाई हेर्दा सुनाइ सीपलाई प्रयोग गरिएको देखिँदैन । लेखाइ सीपलाई नै बढी जोड दिएको छ । पढाइ, बोलाइ र लेखाइ सीपका साथ साथै सुनाइ सीपलाई पनि अगाडि बढाउने खालका नमुना अभ्यासहरू समावेश गर्नु पर्ने देखिन्छ ।

### ४.१.१.६ सीपगत आधारमा चिठी /निवेदन विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

चिठी एक अर्काको अनुभव आदान प्रदान एवम् वैयक्तिक सम्बन्ध स्थापित गर्ने माध्यम हो । यसबाट विद्यार्थीहरूमा स्वतन्त्र अभिव्यक्तिको विकास, स्पष्ट अभिव्यक्ति क्षमताको विकास, आदर सम्मान, अभिवादन गरी लेखन सक्ने क्षमता आदि विकास हुन्छ ।

**तालिका ६ : सीपगत आधारमा चिठी /निवेदन विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण**

| क.स | पाठ्यशीर्षक | भाषिक सीप सम्बन्धी प्रश्नसङ्ख्या | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सु. | बो. | प. | ले. | सु.बो. | प.ले. | सु.ले | |
| १ | साथीलाई चिठी | | २ | २ | ९ | १ | २ | १ | २० |
| २ | प्रधानाध्यापकलाई चिठी | | १ | १ | ७ | १ | १ | १ | २३ |
| | जम्मा | | ३ | ३ | १६ | २ | ३ | २ | २९ |

माथिको तालिकामा चिठी /निवेदन विधाका २ ओटा पाठमा १९ ओटा नमुना अभ्यासहरू छन् । जसमा सुनाइ सीपसँग सम्बन्धित छैनन । बोलाइ सीप सम्बन्धी ३ ओटा पढाइ सीपसँग सम्बन्धित ३ ओटा लेखाइ सीपसँग सम्बन्धित १६ ओटा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित २ ओटा, पढाइ र लेखाइ सीपसँग सम्बन्धित ३ ओटा, सुनाइ र लेखाइ सीपसँग सम्बन्धित ३ ओटा सुनाइ र लेखाइ सीपसँग सम्बन्धित १ ओटा प्रश्नहरू रहेका छन् ।

यस तथ्यलाई हेर्दा सुनाइ सीपलाई प्रयोग गरिएको छैनन । सुनाइ, बोलाइ, पढाइ सीपलाई कम प्राथमिकता दिए तापनि चिठी विधाको मुख्य प्रयोजन लेखाइ सीपको विकास गर्नु रहेकाले यो विधा पाठ्यक्रम अनुरूप नै मानिन्छ । यस विधामा पढाइ र लेखाइ सीपको एकीकृत विकास गर्नका लागि यससँग सम्बद्ध एकीकृत अभ्यासहरू समावेश गरिएको छ ।

## ४.१.२ तहगत आधारमा नमुना अभ्यासको विश्लेषण

तहगत आधारमा नमुना अभ्यासलाई ज्ञान, बोध र व्यावहारिक सीपको आधारमा वर्गीकरण गरिएको छ । ज्ञानतहमा विषयवस्तुको ज्ञानलाई जोडिदिने खालका अभ्यासहरू राखिएको छ । यस्ता अभ्यासमा भाषिक सीप विकासका कार्यकलापभन्दा विषयवस्तुगत क्षेत्र र संज्ञानात्मक क्षेत्रसँग सम्बन्धित अभ्यासमा जोड दिएको छ । बोधतहमा कुनै विषय पढेर सुनेर अर्थात ग्रहण गरेको आधारमा बुझ्ने र अरुलाई बुझाउने सीपसम्बद्ध अभ्यासलाई समावेश गरिएको छ । यस खालका अभ्यासमा विद्यार्थीको बुद्धि क्षमताको विकास गर्ने क्रियाकलापलाई अगाडि सारिएको छ । व्यावहारिक सीप सम्बद्ध अभ्यासमा विद्यार्थीले सिकेका ज्ञानको कुरालाई प्रयोग व्यवहारमा देखाउने खालका क्रियाकलापहरू समेटिएका छन । त्यसै गरी भाषातत्वको रूपमा व्याकरण गत व्यवहारिक सीप सम्बन्ध देखिन्छ । जसले ग्रहण गरेको सीपलाई सफलतापूर्वक अभिव्यक्ति गर्न सक्दछ ।

### ४.१.२.१ तहगत आधारमा कविता ⁄गीत विधामा सम्बद्ध नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

सम्बद्ध नमुना अभ्यासलाई वर्गीकरण गर्दा ज्ञानात्मक तह, बोधात्मक तह र व्यावहारिक सीप गरी तीन तहमा विश्लेषण गरिएको छ । कविता सिकाइको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण सीप विकास गर्नु रहेको छ । कविता विधामा नमुना अभ्यास सिकाइ गर्दा विशेषत लययुक्त सस्वर वाचन, भाव पहिचान, प्रश्नोत्तर, भावार्थ र भाव विस्तार आदिका क्रियाकलाप गराउन साथै कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउनु रहेको छ । यसै आधारमा नमुना अभ्यासलाई तहगत रूपमा अध्ययन गरिएको छ ।

**तालिका ७ : तहगत आधारमा कविता ⁄गीत विधामा सम्बद्ध नमुना अभ्यासको वर्गीकरण र विश्लेषण**

| क.स. | पाठशीर्षक | ज्ञान र बोध तह | व्यावहारिक सीप | जम्मा |
|---|---|---|---|---|
| १ | परिचय | १७ | ३ | २० |
| २ | एउटै मुटु एउटै मर्म | १४ | ४ | १८ |
| ३ | सुनौलो भोलि | १२ | ३ | १५ |
| ४ | सभ्यता | १४ | ४ | १८ |
| | जम्मा | ५७ | १४ | ७१ |

माथिको तालिकामा हेर्दा कविता विधातर्फ ४ ओटा पाठमा ७१ ओटा नमुना अभ्यासका प्रश्नहरू दिएका छन् । ज्ञान र बोध तह सम्बन्धी ५७ ओटा र व्यावहारिक सीप सम्बन्धी १४ ओटा प्रश्नहरू समावेश भएका छन् ।

यस विधामा सबै भन्दा बढी ज्ञानसँग सम्बन्धित प्रश्नहरू त्यस पछि बोध र व्यावहारिक सीप सम्बन्धित प्रश्नहरूलाई महत्त्व दिएको छ । ज्ञान र बोध प्रकृतिका प्रश्नहरू धेरै रहेका छन । प्रश्नका लागि दिएको निर्देशन उचित छ । व्यावहारिक सीप सम्बन्धी प्रश्नहरू कम समावेश गरिनु यसको कमजोरी पक्ष मानिन्छ ।

### ४.१.२.२ तहगत आधारमा कथा विधाको नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

तहगत आधारमा कता विधामा सम्बद्ध नमुना अभ्यासलाई वर्गीकरण गर्दा ज्ञानात्मक तह, बोधात्मक तह र व्यावहारिक सीप गरी तीन तहमा अध्ययन गरिएको छ । कथा विधामा सिकाइको मुख्य उद्देश्य विद्यार्थीहरूमा कथनात्मक अभिव्यक्ति सीपको विकास गर्नु हो । वस्तुतः कथा विधाको नमुना अभ्यास सिकाइका माध्यमबाट ज्ञान तह, बोध तह र व्यावहारिक सीपको अभ्यास गराउनु पर्छ । यस क्रममा कथा श्रवण, कथा कथन, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ । कथामा सम्बद्ध नमुना अभ्यासका माध्यमबाट सस्वर तथा मौन पठन, पठन बोध, प्रश्नोत्तर, बुँदा टिपोट, सारांश, घटना क्रम मिलाउने, कठिन शब्दहरूको उच्चारण, अर्थ र प्रयोग, श्रुतिलेखन, अनुलेखन जस्ता कार्यकलाप नमुना अभ्यासमा समावेश गराउनु पर्छ । यिनै आधारमा तहगत रूपमा नमुना अभ्यसाको अध्ययन गरिएको छ ।

**तालिका ८ : तहगत आधारमा कथा विधाको नमुना अभ्यासको वर्गीकरण र विश्लेषण**

| क्र.स. | पाठशीर्षक | ज्ञान र बोध तह | व्यावहारिक सीप | जम्मा |
|---|---|---|---|---|
| १ | मामालाई सुधार्ने भान्जा | २० | ४ | २८ |
| २ | सात दिने सभा | १६ | ३ | १९ |
| ३ | सुन उगेल्ने भाले | १७ | ४ | २१ |
| ४ | बोधिसत्वको कथा | २० | ३ | २३ |
| ५ | रिस र राक्षस | १६ | ३ | १९ |
| ६ | बाक्लो दाल | १७ | ३ | २० |
| | जम्मा | १०६ | २० | १२६ |

माथिको तालिकामा हेर्दा कथा विधातर्फ ६ ओटा पाठमा १२६ ओटा नमुना अभ्यासका प्रश्नहरू रहेका छन् । ज्ञान र बोध सम्बन्धी १०६ ओटा र व्यावहारिक सीप सम्बन्धी २० ओटा प्रश्नहरू समावेश भएका छन् ।

व्यावहारिक सीप सम्बन्धी प्रश्नहरू कम राखिएको छ । विधा अनुसारका प्रश्नहरू समावेश भएका छैनन् । यस विधाका नमुना अभ्यासलाई व्यावहारिक बनाउन जोड दिनुपर्ने देखिन्छ ।

### ४.१.२.३ तहगत आधारमा प्रबन्ध /निबन्ध विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

तहगत आधारमा प्रबन्ध विधाका नमुना अभ्यासको वर्गीकरण तथा विश्लेषण गर्दा ज्ञानात्मक तह, बोधात्मक तह र व्यावहारिक सीप गरी तीन तहमा अध्ययन गरिएको छ। प्रबन्ध विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो। यसको सिकाइका क्रममा निर्दिष्ट प्रबन्ध पाठको उपयोग गर्नुका साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा निबन्ध लेखनको अभ्यास गराउनु पर्छ। गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ। यसका अतिरिक्त सस्वर पठन, बुँदा टिपोट, सारांश, भावविस्तार, व्याख्याका साथै शब्दोच्चारण कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुति लेखन तथा अनुलेखन जस्ता अभ्यास नमुना अभ्यासमा समावेश गर्नुपर्छ। यिनै आधारमा प्रबन्ध विधाका नमुना अभ्यासको तहगत रूपमा अध्ययन गरिएको छ।

**तालिका ९ : तहगत आधारमा प्रबन्ध/निबन्ध विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण**

| क्र.स. | पाठशीर्षक | ज्ञान र बोध तह | व्यावहारिक सीप | जम्मा |
|---|---|---|---|---|
| १ | सांस्कृतिक एकताको पर्व छट | २० | २ | २२ |
| २ | प्राकृतिक सुन्दर स्थल खप्तड | १७ | २ | १९ |
| ३ | म सौर्य ऊर्जा हुँ | १७ | २ | १९ |
| ४ | नेपालको धार्मिक वस्तुकला | १५ | २ | १७ |
| | जम्मा | ६९ | ८ | ७७ |

माथिको तालिका अनुसार प्रबन्ध विधाका ४ ओटा पाठमा ७७ ओटा नमुना अभ्यासका प्रश्नहरू रहेका छन। ज्ञान र बोध तह सम्बन्धी ६९ ओटा र व्यावहारिक सीप सम्बन्धी ८ ओटा प्रश्नहरू समावेश भएका छन।

यस प्रबन्ध विधामा ज्ञान र बोध तहलाई बढी जोड दिइएको छ। व्यावहारिक सीपलाई कम प्रयोग गरिएको छ। यस विधाको मूल प्रयोजन लेखन कला क्षमताको विकास गर्ने बोध र अभिव्यक्ति क्षमताको विकास गर्न सिर्जनात्मक लेखनको विकास गर्नु भएकोले यस्ता प्रश्नहरू नमुना अभ्यासमा दिइएको पाइन्छ।

### ४.१.२.४ तहगत आधारमा संवाद तथा वादविवाद विधाका अभ्यासको वर्गीकरण र विश्लेषण

तहगत आधारमा संवाद तथा वादविवाद विधाका नमुना अभ्यासलाई तीन तहमा वर्गीकरण गरिएको छ । ज्ञानात्मक तह, बोधात्मक तह र व्यावहारिक सीपका आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ । संवाद तथा वादविवाद विधाको मुख्य प्रयोजन अभिव्यक्ति क्षमता बढाउनु हो । यसको सिकाइ गर्दा निर्दिष्ट संवाद तथा वादविवादलाई परिस्थिति, पात्र तथा भावनुकूल वाचन, अभिनय एवम् भूमिका निर्वाहको अभ्यास गराउनु पर्छ । यस विधाको अभ्यास गराउँदा प्रश्नोत्तर, कुराकानी, हाउभाउ, पहिचान, संवाद वा वादविवादको अनुकरणात्मक लेखन, संवादपूर्ति, संवाद लेखन, वादविवाद लेखन, स्वतन्त्र लेखन श्रुतिलेखन, अनुलेखन आदि क्रियाकलापलाई तहगत आधारमा समेत समावेश गराउनु पर्छ ।

**तालिका १० : तहगत आधारमा संवाद तथा वादविवाद विधाका अभ्यासको वर्गीकरण र विश्लेषण**

| क्र.स. | पाठशीर्षक | ज्ञान र बोध तह | व्यावहारिक सीप | जम्मा |
|---|---|---|---|---|
| १ | आन्तरिक पर्यटन | १७ | ३ | २० |
| २ | उद्योगलाई भन्दा कृषिलाई जोड | २१ | ३ | २४ |
| | जम्मा | ३८ | ६ | ४४ |

माथिको तालिकाअनुसार संवाद तथा वादविवाद विधाका २ ओटा पाठमा ४४ ओटा नमुना अभ्यासका प्रश्नहरू समावेश गरिएका छन् । ज्ञान र बोध तह सम्बन्धी ३८ ओटा र व्यावहारिक सीप सम्बन्धी ६ ओटा प्रश्नहरू समावेश गरिएको छ ।

यस विधामा ज्ञान तह, बोध तह र व्यावहारिक सीप सम्बन्धी प्रश्नहरू क्रमशः प्रयोग गरिएका छन । ज्ञानात्मक तह, बोधात्मक तह, र व्यावहारिक सीप सम्बन्ध अभ्यासमा एकीकृत रूपमा प्रयोग गरिएको छ । संवाद विधाको मूल प्रयोजन मौखिक कला क्षमताको विकास गर्ने बोध र अभिव्यक्ति क्षमताको विकास गर्नु भएकाले यस्ता प्रश्नहरू नमुना अभ्यासमा दिएको पाइन्छ ।

### ४.१.२.५ तहगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण र विश्लेषण

जीवनी विधाका नमुना अभ्यासलाई तहगत आधारमा ज्ञानात्मक तह, बोधात्मक तह र व्यावहारिक सीप गरी तीन तहमा अध्ययन विश्लेषण गरिएको छ । जीवनी विधा सिकाइको मुख्य

उद्देश्य पनि प्रबन्ध/ निबन्ध वा कथा उल्लेख भए झैं भाषाका मौखिक तथा लिखित अभिव्यक्ति सीपको विकास गर्नु हो । यो विधा विशिष्ट व्यक्तित्त्वका जीवनमा घटेका घटनाहरूलाई आधार मानी प्रस्तुत गरिन्छ । जीवनीका माध्यमबाट विशिष्ट व्यक्तित्त्व चरित्रहरूको मौखिक तथा लिखित वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ । यस्ता पाठका नमुना अभ्यासबाट श्रुतिबोध, पठन बोध, सस्वर तथा मौन पठन, सारांश, घटनाक्रम मिलाउन, श्रुतिलेखन, अनुलेखन, कठिन शब्दोच्चारण, अर्थ र प्रयोग, बुँदा टिपोट जस्ता क्रियाकलाप गराउनु पर्छ । यिनै आधारमा नमुना अभ्यासमा समावेश भएका प्रश्नको अध्ययन विश्लेषण गरिन्छ ।

**तालिका ११ : तहगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण र विश्लेषण**

| क्र.स. | पाठशीर्षक | ज्ञान र बोध तह | व्यावहारिक सीप | जम्मा |
|---|---|---|---|---|
| १ | साहित्यकार झमक | १८ | २ | २० |
| २ | अलेक्जेन्डर फलेमिङ | १६ | ३ | १९ |
| ३ | आबाल ब्रह्मचारी षडानन्द | १५ | २ | १७ |
| | जम्मा | ४९ | ७ | ५६ |

माथिको तालिकाअनुसार जीवनी विधाका ३ ओटा पाठमा ५६ ओटा नमुना अभ्यासहरूका प्रश्नहरू रहेका छन । ज्ञान र बोध तह सम्बन्धी ४९ ओटा र व्यावहारिक सीप सम्बन्धी ७ ओटा प्रश्नहरू समावेश गरिएको छ ।

यस तथ्यलाई मध्यनजर गर्दा ज्ञान र बोध तहका प्रश्नहरूको व्यावहारिक सीपभन्दा धेरै रहेका छन् । जीवनी विधा व्यावहारिक सीपमा आवद्ध भए पनि यस प्रकारका प्रश्नको सङ्ख्या भने कम देखिन्छ । यस विधाका नमुना अभ्यासमा ज्ञानात्मक तह र बोधात्मक तहको विकास गराउन जोड दिएको छ ।

## ४.१.२.६ तहगत आधारमा चिठी/निवेदन विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

चिठी तथा निवेदन विधाका नमुना अभ्यासलाई तहगत आधारमा तीन तहमा विश्लेषण गरिएको छ । ज्ञानात्मक तह, बोधात्मक तह र व्यवहारिक सीपको तहमा नै यस विधाको नमुना अभ्यासलाई अध्ययन विश्लेषण गरिएको छ । चिठी लेख्य विधा भएकाले यसअर्न्तगत घरायसी चिठी र कार्यालयीय निवेदन लेखनको अभ्यास गराउनु पर्छ । यस विधाका नमुना अभ्यासको सिकाइ गर्दा

ती चिठी तथा निवेदनलाई नमुनाका रूपमा उपयोग गर्नु पर्छ । तिनको ढाँचा र विभिन्न अङ्गको सोदाहरण परिचयसमेतलाई नमुना अभ्यासमा तहगत रूपमा नै समावेश गर्नु पर्छ ।

**तालिका १२ : तहगत आधारमा चिठी/ निवेदन विधाका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण**

| क्र.स. | पाठशीर्षक | ज्ञान र बोध तह | व्यावहारिक सीप | जम्मा |
|---|---|---|---|---|
| १ | साथीलाई चिठी | १६ | ४ | २० |
| २ | प्रधानाध्यापकलाई निवेदन | ६ | ५ | ११ |
| | जम्मा | २२ | ९ | ३१ |

माथिको तालिकालाई हेर्दा चिठी/ निवेदन विधाका २ ओटा पाठमा जम्मा ३१ ओटा नमुना अभ्यासका प्रश्नहरू रहेका छन् जसमा २२ ओटा ज्ञान बोध तहका र ९ ओटा प्रश्नहरू समावेश गरिएको छ ।

यो विधाका नमुना अभ्यासमा ज्ञान, बोध तह र व्यवहारिक सीप सम्बन्धित प्रश्नहरू प्रभावकारी नै छन् । यस विधाबाट विद्यार्थीहरूमा स्वतन्त्र अभिव्यक्तिको विकास, स्पष्ट अभिव्यक्ति क्षमता विकास आदर- सम्मान अभिवादन गरी लेख्न सक्ने खुवी आदिको विकास गर्न खोजिएको छ । चिठी विधाको मूल प्रयोजन व्यावहारिक सीप विकास गराउनु भएकोले यो विधा पाठ्यक्रम अनुरूप देखिन्छ ।

## ४.२ नमुना अभ्यासमा समावेश गरिएका प्रश्नहरूको विश्लेषण

कक्षा सातको नेपाली पाठ्यपुस्तकमा सम्बद्ध गरिएका प्रश्नहरू विधाअनुसार फरक फरक पाइन्छन् । हरेक विधा वा पाठका अन्त्यमा राखिएका नमुना अभ्यासले सो विधासँग सम्बन्धित भाषिक सीपहासिल गराउन सहयोग पुऱ्याउँदछ । उक्त भाषा पठ्यपुस्तकको मूल्याङ्कन गर्न तयार गरिएको अभ्यासले मूलतः भाषा पाठ्यक्रमका निर्धारित उद्देश्य पुराहुन सक्ने वा नसक्ने कुराको अध्ययन गर्दछ । उक्त भाषा पाठ्यपुस्तकका नमुना अभ्यासमा समावेश गरिएका प्रश्नहरूलाई निम्नलिखितरूपमा प्रस्तुत गर्न सकिन्छ :

### ४.२.१ मूल्याङ्कनात्मक र अभ्यासात्मक प्रश्नहरू

विद्यार्थीको भाषिक क्षमता मापन गर्दा उपयोग गरिने प्रश्नहरू मूल्याङ्कनात्मक प्रश्नहरू हुन् । भाषाको प्रयोग पनः प्रयोगद्वारा सिकिने कुरालाई सबल बनाउदै लैजाने प्रश्नहरू अभ्यासात्मक प्रश्नहरू हुन्छन् । मूल्याङ्कनात्मक प्रश्नहरूको उद्देश्य निर्धारित मापदण्डका आधारमा कुनै

विद्यार्थीलाई कुनै पनि तहमा पुऱ्याउने वा नपुऱ्याउने भन्ने हुन्छ । अभ्यासात्मक प्रश्नको उद्देश्य निरन्तर रूपमा विद्यार्थीको भाषिक सीप वृद्धि गर्नु हो ।  कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासमा समावेश गरिएका प्रश्नहरू मूल्याङ्कनात्मक र अभ्यासात्मक गरी दुई प्रकारका पाइन्छन् । कतिपय प्रश्नहरूले विद्यार्थीको भाषिक क्षमता मापन गर्न सहयोग पुऱ्याएको छ । त्यसैले उक्त प्रकारका प्रश्नलाई मूल्याङ्कनात्मक प्रश्नका रूपमा विश्लेषण गर्न सकिन्छ । यस पाठ्यपुस्तकका मूल्याङ्कनात्मक प्रश्नले निर्धारित मापदण्डका आधारमा कुनै विद्यार्थीलाई कुनैपनि तहमा पुऱ्याउने वा नपुऱ्याउने भन्ने कुराको निर्धारण गरेको छ । उक्त नमुना अभ्यासका प्रश्नहरूले विद्यार्थीको भाषाको प्रयोग, पुनः प्रयोगद्वारा सिकिने कुरालाई सबल बनाउदै लैजाने पक्षमा जोड दिएको छ । जस्तै :

क) मूल्याङ्कनात्मक प्रश्नहरू :

अ) छठका मुख्य विशेषताहरू के के हुन्, दश वाक्यमा लेख ।

आ) बोधिसत्वको कथाका मुख्य मुख्य घटनाको सूची बनाऊ ।

पृष्ठ : १०६

ख) अभ्यासात्मक प्रश्नहरू :

अ)  तलका शब्द ठिकसँग उच्चारण गर :

भत्केको, भताभुङ्ग, ज्वरो, मुसलधारे, पाटीपौवा

आ) अर्थ खुल्ने गरी वाक्यामा प्रयोग गर :

सदाबहार, दृश्यावली, घोषणा, प्रजाति

पृष्ठ : ११६

## ४.२.२ विषयवस्तुमा आधारित प्रश्न

भाषा शिक्षणमा विषयवस्तुको ज्ञानलाई भन्दा भाषिक सीपलाई महत्त्व दिएता पनि दिएको विचार सृजना र घटनालाई तह अनुसार व्यवस्थित र सन्तुलित गरेर राख्नु विषयवस्तुको आवश्यकता पर्छ । भाषा विषयमा प्रश्न निर्माण गर्दा विषयवस्तुबाट विमुख भएर गराउन सकिँदैन । यसैका आधारमा कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासमा भाषिक सीप हासिल हुने अभ्यासको रचना गरिएको छ । खासगरी व्याख्या समीक्षा, समीक्षा सार, भावार्थ, बोध विवेचना, तर्कपूर्ण अभिव्यक्ति, रचना जस्ता पक्षको अभ्यास विषयवस्तुकै आधारमा गरिएको छ । जस्तै :

क) भाव विस्तार गर :

कसैलाई पनि हप्काएर, दप्काएर, लखेटेर, दुःख दिएर आफ्नो बनाउन सकिदैन् । मिठोबोली, वचन र व्यवहारले प्रभावित पारेर आफ्नो पार्न सकिन्छ ।

पृष्ठ : ७६

### ४.२.३ भाषिक सीपमा आधारित प्रश्न

कक्षा सातको पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासले भाषिक सीपमा आधारित प्रश्नको मौखिक र लिखित पक्षसँग सम्बन्धित विभिन्न पक्षहरूको प्रतिनिधित्व गरेको छ । पठित शब्दको सन्दर्भपूर्ण प्रयोग गर्न पढेका विषयवस्तुहरूको साराशं भन्न, देखे सुनेका र अनुभव गरेको विषयवस्तुमा अभिव्यक्ति दिने भाषिक सीपमा आधारित अभ्यासहरू पाठ्यपुस्तकमा समाविष्ट भएका छन् । भाषिक सीपमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारै ओटा सीपलाई समेटिएको पाइन्छ । जस्तैः

क) पाठका पात्रहरू बनेर 'आन्तरिक पर्यटन' संवाद हाउभाउसहित पठेर सुनाऊ ।

पृष्ठ : ३०

ख) उही अर्थ हुने एक एक ओटा शब्द लेख :

ढोका, ईश्वर, भेद र प्रेम

पृष्ठ : ४६

## ४.३ नमुना अभ्यासमा प्रयोग भएका प्रश्नहरूको स्वरूप

भाषा पाठ्यपुस्तकका पाठहरूमा निहित सामग्री तथा भाषिक सीपको प्रकृतिका साहारामा एउटै पाठमा विभिन्न प्रकारका प्रश्नहरू प्रस्तुत गरिएका हुन्छन् । यस कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकमा निबन्धनात्मक सङ्क्षिप्त उत्तरात्मक र वस्तुगत गरी तीन प्रकारका प्रश्नहरू रहेका छन् । यी विविध प्रकारका प्रश्नहरूको उपयोगले विषयवस्तुलाई प्रभावकारी तुल्याउन समेत सहज भएको छ । यसरी राखिएका प्रश्नहरूका अनेक गुणहरू रहेका छन् । जसले गर्दा भाषिक सीपको अभ्यासमा विविधता तथा स्पष्टता देखिन्छ । यस पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासका निम्ति प्रयोग भएका विविध प्रश्नहरूको छोटकरीमा निम्नानुसार उल्लेख गरिएको छ :

### ४.३.१ निबन्धात्मक प्रश्न

नेपाली भाषामा निबन्धात्मक प्रश्नहरू व्यापक अभिव्यक्तिकलाको विकासका लागि उपयोगी मानिन्छ । कक्षा सात नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासमा यस्ता प्रश्नहरू सु-सङ्गठित

रचनात्मक अभ्यासहरू विविध शीर्षक दिई त्यस अर्न्तगत मुख्य-मुख्य बुँदा दिएर नियन्त्रित वा सङ्केतात्मक रूपमा रचना गर्न लगाएको छ । निबन्धात्मक प्रश्नका रूपमा अनुच्छेद लेखन, लेख, रचना, सारांश र समीक्षा जस्ता लेखन अभ्यासमा उपयोगी तरिकाले समावेश गरिएको छ । यस अर्न्तगत कथा लेखन, निबन्ध/प्रबन्ध लेखन, संवाद लेखन जस्ता स्वतन्त्र अभिव्यक्तिलाई समेत समेटिएको छ । जस्तै :

क) भाव विस्तार गर

खप्तड प्रकृतिको अनुपम भण्डार हो ।

पृष्ठ : ६१

ख) कुनै एक विषयमा वादविवाद गर

अ) धनभन्दा बुद्धि ठूलो ।

आ) कलमभन्दा तरवार वीर । पृष्ठ : ९०

### ४.३.२ सङ्क्षिप्त उत्तरात्मक प्रश्न

भाषाको परीक्षणका क्रममा छोटो उत्तर आउने प्रश्नलाई भाषिक प्रयोजनका लागि उपयोग गर्न सकिन्छ । यस कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासमा बोध, व्याकरण तत्त्व, वाक्य रचना, शब्दार्थ शिक्षण, शब्द प्रयोग आदि प्रकारका सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू राखिएका छन् । जस्तै :

क) उत्तर लेख :

अ) झ्याउकिरी के गर्दैछ ?

आ) वेदना र चेतना के के हुदैछन् ?

पृष्ठ : ९२

### ४.३.३ वस्तुगत प्रश्न

वस्तुगत प्रश्नहरूको सबैभन्दा ठूलो विशेषता एक पटकमा एउटा मात्र कुराको परीक्षण गर्नु हो । यस्ता प्रश्नहरू अभिव्यक्ति क्षमताको परीक्षणमा प्रत्यक्ष उपयोगी मानिदैन । तर परीक्षणका लागि वस्तुगत प्रश्नहरूलाई उपयोगमा ल्याउन सकिन्छ । कक्षा सातको नेपाली किताबमा वस्तुगत प्रश्नहरू समावेश गरिएको पाइन्छ । यस पाठ्यपुस्तकमा भाषा परीक्षणका लागि वा भाषिक सीप हासिल गर्नकालागि निम्न प्रकारका वस्तुगत रूपमा प्रश्नहरू रहेका छन्, जस्तै :

**क) बहुविकल्पी**

उक्त पाठ्यपुस्तकका नमुना अभ्यासमा भाषिक सीप परीक्षण गर्न, श्रुतिबोध, पठनबोध, व्याकरण तत्व र वाक्य तत्त्व शब्दभेद, शब्दनिर्माण, वर्ण विन्यास, शब्दार्थ आदिका धारणात्मक ज्ञान र प्रयोगात्मक सुझाव ठम्याउन बहुविकल्पी प्रश्नहरूको प्रयोग गरिएको छ :

ठिक उत्तरमा ठिक चिह्न (✓)लगाऊ :

क) गंगाकी आमालाई किन बिसन्चो भयो ?

अ) रुघाखोकी लागेर आ) पानीमा रुजेर इ) बाटामा लडेर

ख) गंगाले सागरसँग किन बढी कुरा गरिन् ?

अ) सागरले कुरा नसुनेकाले आ) सागरले कुरा नबुझेकाले इ) सागर आफूभन्दा ठूलो भएकाले

पृष्ठ : ५२

**ख) खाली ठाउँ भर्ने**

यस पाठ्यपुस्तकको नमुना अभ्यासमा खाली ठाउँ भर्ने प्रश्नहरू तीन किसिमका रहेका छन् । जसमा खुल्ला प्रकृतिका, बहुविकल्पी र जोडा मिलाउने प्रकृतिका प्रश्नहरू रहेका छन्, जस्तै :

क) ठिक शब्द छानेर खालि ठाउँमा भर :

अ) हामी थाक्दा..............गर्छौ । (काम, गृहकार्य, आराम)

आ) सागरले ...........सुधार्‍यो । (गल्ती, खल्ती बाटो) पृष्ठ : ५३

**ग) जोडा मिलाउने**

यस पाठ्यपुस्तकमा भाषाको परीक्षणका क्रममा कम प्रयोग भएता पनि शब्द र अर्थ, वाक्य सङ्गति-असङ्गति, शब्द र प्रत्यय, कारक र विभक्ति, शब्द र शब्दभेद आदि परीक्षणको लागि नमुना अभ्यासहरू प्रयोगमा यसको प्रयोग गरिएको छन्, जस्तै :

क) झमकले पाएका पुरस्कार र सालको जोडा मिलाऊ :

| | |
|---|---|
| डा. विमला वाणी पुरस्कार | २०६५ |
| धनकुटा प्रतिभा पुरस्कार | २०६७ |
| क्षेत्रीय प्रतिभा पुरस्कार | २०६३ |
| मदन पुरस्कार | २०६२ |

पृष्ठ : ४०

**घ) ठीक-बेठीक छुट्टयाउने**

यस प्रकारका प्रश्नहरू प्रारम्भिक कक्षामा मात्र उपयोगी माने पनि यस पाठ्यपुस्तकको नमुना अभ्यासमा श्रुतिबोध, पठनबोध, वाक्यगठन, शब्द प्रयोग आदिका लागि प्रयोग गरिएको छ, जस्तै :

क) पाठका आधारमा ठिक बेठिक छुट्टयाऊ :

अ) प्राकृतिक सुन्दरताका दृष्टिले खप्तड अत्यन्त रमणीय ठाउँ हो ।

आ) आन्तरिक पर्यटनले एक अर्कामा चिनारी गराई सद्भाव बढाउँछ ।

पृष्ठ : ३०

## ४.३.४ सिर्जनात्मक प्रश्न

विशेष गरी विद्यार्थीहरूले आफूले प्राप्त गरेका सीपका आधारमा आफ्नो प्रतिभा प्रस्तुत गरी उत्तर दिने खालका प्रश्नहरूलाई सिर्जनात्मक प्रश्नका रूपमा लिइन्छ । सिर्जनात्मक सीपको विकासका लागि यस पाठ्यपुस्तकमा कथा लेखन, यात्रा वर्णन, दैनिक लेखन, निबन्ध लेखन, संवाद लेखन आीदजस्तै क्रियाकलापहरू समावेश गरिएका छन् । त्यस्तै अन्य सहयोगी कार्यकलापहरूमा लामा उत्तर लेख्ने, व्याख्या गर्ने, तात्पर्य लेख्ने, छलफल गर्ने, भाव विस्तार गर्ने, आदि जस्ता सिर्जनात्मक सीप विकास गर्न सहयोगी हुने प्रश्नहरू समावेश गरिएको पाईन्छ । यसै सर्न्दभमा विषयशिक्षकहरूका मतहरूलाई हेर्दा सिर्जनात्मक अभ्यासमा अझै धेरै प्रश्नहरू समावेश गर्नु पर्ने देखिन्छ । यी प्रश्नहरू विद्यार्थीको भाषिक सीपमा प्रत्यक्ष सहभागी हुने भएकाले यसले विद्यार्थीको भाषिक क्षमता अभिवृद्धि गर्ने देखिन्छ, जस्तै :

सिर्जनात्मक प्रश्नहरू

(क) दुई सय शब्दमा नघटाई तिमीलाई मन पर्ने कुनै एक पर्वको बारेमा वर्णन गर ।

(ख) तिमीले देखेको कुनै एक रमणीय ठाँउको वर्णन लेखेर कक्षामा सुनाऊ ।

पृष्ठ : १२०

## ४.४ प्रश्नावलीका आधारमा नमुना अभ्यासको विश्लेषण

प्रस्तुत कक्षासातको नेपाली पाठ्यपुस्तकमा समावेश नमुना अभ्यासलाई पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण गर्दा सम्बन्धित विषयशिक्षकको अभिमत समावेश गरिएको छ । अभिमत लिने क्रममा मोरङ जिल्ला पथरी शनिश्चरे नगरपालिकामा पर्ने बुद्ध उच्च माध्यमिक विद्यालय, सखुवार, भागिरथ उच्च माध्यमिक विद्यालय रिगुंवा, मेरीगोल्ड इङ्लिस स्कुल शनिश्चरे,

बालकल्याण निम्न माध्यमिक विद्यालय कीर्तिपुरका नेपाली विषयका विषय शिक्षकहरूसँग प्रत्यक्ष रूपमा प्रश्नउत्तर गरिएको छ । उनीहरूले कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासलाई शिक्षण गर्ने क्रममा अध्ययन विश्लेषण गरेको अनुभवका आधारमा, शैक्षिक विशिष्टताका आधारमा र शैक्षिक दक्षताका आधारमा पाठ्यक्रमको अध्ययन गरेर पाठ्यक्रम र पाठ्यपुस्तक बीचको सह-सम्बन्धलाई केलाएको छ । उक्त अभ्यासको अध्ययन गर्ने क्रममा सोधिएका प्रश्नावलीको उत्तरको व्याख्या विश्लेषणको सार यस प्रकार छ :

विषय शिक्षकसँग सोधिएका प्रश्नावली र उत्तरहरू

प्रश्नः क) कक्षा सातको नेपाली पाठ्यपुस्तककमा राखिएका नमुना अभ्यासहरू पाठ्यक्रम अनुरूप छन् ?

उत्तरः कक्षा साको नेपाली पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासहरू निर्दिष्ट पाठ्यक्रम अनुरूप नै राखिएका छन् ।

प्रश्न : ख) ती नमुना अभ्यासहरूले कुन कुन भाषिक सीप हाँसिल गराउन खोजेका छन् ?

उत्तर : मूलतः ती नमुना अभ्यासहरूले भाषिक सीपका चारै पक्ष अर्थात सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई हाँसिल गराउन खोजेका छन् ।

प्रश्नः ग) यी नमुना अभ्यासलाई तहगत आधारमा कसरी वर्गीकरण गर्न सकिन्छ ?

उत्तरः यी नमुना अभ्यासलाई तहगत आधारमा ज्ञान, बोध तथा प्रयोगात्मक तहमा वर्गीकरण गरिएको छ ।

प्रश्नः घ) यसले विद्यार्थीको स्तर अनुसार भाषिक सीपलाई हासिल गर्न मद्दत गर्नेछ ?

उत्तरः यि नमुना अभ्यासले विद्यार्थीको स्तर अनुसार भाषिक सीपलाई हासिल गर्न मद्दत गरेको भए तापनि शारीरिक वा मानसिक रूपले अशक्त विद्यार्थीका हकमा भने केही कठिनाई देखिन्छ।

प्रश्नः ङ) नमुना अभ्यासलाई ज्ञान, बोध र प्रयोग पक्षसँग कसरी जोडिएको छ ?

उत्तर : वस्तुगत तथा विषयगत प्रश्नहरूले विषयगत ज्ञान र बोध पक्ष तथा सिर्जनात्मक अभ्यासहरूले प्रयोग पक्षलाई जोडेको पाइन्छ ।

प्रश्नः च) नमुना अभ्यासमा प्रयुक्त प्रश्नहरू भाषिक सीपका दृष्टिले उपयुक्त छन्, छैनन् ?

उत्तर : नमुना अभ्यासमा उपयुक्त प्रश्नहरू भाषिक सीपका दृष्टिले उपयुक्त छन् जसमा सुनाइ सीपलाई पनि अझ प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

प्रश्नः छ) उक्त पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेको क्षेत्र र क्रम अनुसारका नमुना अभ्यासहरू छन् कि छैनन् ?

उत्तर : उक्त पाठ्यक्रमले तोकेको क्षेत्र र क्रम अनुसारका नमुना अभ्यासहरू छन् ।

प्रश्नः ज) उक्त पाठ्यक्रममा रहेका नमुना अभ्यासहरू तथा सिर्जनात्मक अभ्यासहरू शिक्षणीय दृष्टिले कति उपयुक्त छन् ?

उत्तर : उपयुक्त पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासहरू तथा सिर्जनात्मक अभ्यासहरू शिक्षणीय दृष्टिले उपयुक्त छन् ।

प्रश्न झ) उक्त पाठ्यक्रमले तोकेको मूल्याङ्कन प्रक्रिया कस्तो देखिन्छ ?

उत्तरः उक्त पाठ्यक्रमले तोकेको मूल्याङ्कन प्रक्रिया मुलतः निर्माणात्मक मूल्याङ्कनलाई बढी महत्त्व दिएको देखिन्छ ।

प्रश्नः ञ) उक्त नमुना अभ्यास तथा पाठ्यक्रमलाई विश्लेषण गर्दा सल्लाह र सुझाव केही छन् ?

उत्तर : उक्त नमुना अभ्यास तथा पाठ्यक्रम विश्लेषण गर्दा निम्न सल्लाह तथा सुझाव छन् :

अ. क्षेत्र र क्रमलाई अझ बढी मेल गराउनुपर्ने ।

आ. भाषिक सीपका चारै पक्षलाई एकीकृत रूपमा प्रयोग गर्नुपर्ने ।

इ. उद्देश्य अनुसार मूल्याङ्कन प्रक्रिया राखिनुपर्ने ।

माथि विषय शिक्षकहरूले दिएका उत्तरलाई हेर्दा पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यास पठ्यक्रम अनुरूप राखिएका छन् । यी नमुना अभ्यासले सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीपलाई जोड दिएका छन । यी नमुना अभ्यासले तहगत रूपमा ज्ञान तह, बोध तह र प्रयोगात्मक तहलाई जोड दिएका छन् । विद्यार्थीको स्तरअनुसार भाषिक सीप रहे पनि शारीरिक वा मानसिक रूपले अशक्त विद्यार्थीका हकमा भने केही कठिनाइ देखिन्छन् । उक्त पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासहरू तथा सिर्जनात्मक अभ्यासहरू शिक्षणीय हिसावले अत्यन्त उपयुक्त छन् । पाठ्यक्रमले तोकेको मूल्याङ्कन प्रक्रिया मुलतः निर्णायात्मक मूल्याङ्कनलाई बढी महत्त्व दिएको देखिन्छ । नमुना अभ्यास तथा पाठ्यक्रमलाई विश्लेषण गर्दा समग्रमा भाषिक सीपका चारै पक्षलाई एकीकृत रूपमा प्रयोग गर्नुपर्ने र उद्देश्यअनुसार मुल्याङ्कन प्रक्रिया राखिनुपर्ने सल्लाह र सुझाव दिएको पाइन्छ ।

## ४.५ प्राप्ति तथा सारांश

### ४.५.१ प्राप्ति

प्रस्तुत अध्ययन पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा सातको नेपाली (२०७१) पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । पाठ्यक्रमका निर्दिष्ट उद्देश्य परिपूर्ति गर्ने सामग्रीका रूपमा पाठ्यपुस्तकमा विषयवस्तु तथा विधाहरू समावेश गरिएका हुन्छन् ।

यिनै विधालाई पूर्ण सिकाइ गर्न नमुना अभ्यासको चयन गरिएको छ । भाषिक सामर्थ्य र सम्पादनलाई भाषाका मुख्य सक्षमता मानिन्छ । त्यसैले यस पाठ्यक्रमलाई मूलतः भाषिक सीप विकासका पक्षमा केन्द्रित गरिएको छ । नमुना अभ्यासलाई भाषिक सीप मूल्याङ्कनको आधारका रूपमा लिएको छ । विद्यार्थीको प्रयोगात्मक, ज्ञानात्मक, धारणात्मक, पहिचानात्मक-परिचायात्मक आदि पक्षको अभिवृद्धि गर्न नमुना अभ्यासद्वारा ठूलो सफलता मिलेको छ । भाषिक सीपको प्राप्तिका लागि विषयगत र विधागत प्रवृत्तिअनुसार नमुना अभ्यासहरूको समावेश गर्न जरुरी छ । यस अध्ययनलाई मध्यनजर गर्दा विविध नमुना अभ्यासको विधागत विविधतामा कमी भएको देखिन्छ । पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकका नमुना अभ्यास शिक्षणीय दृष्टिले सीमित पक्षमात्र विधामा केन्द्रित देखिन्छ । पाठगत प्रयोजन र प्रकृतिलाई ख्यालै नगरी सबै विधामा एक नासको नमुना अभ्यासको व्यवस्था गरिएको देखिन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार वटा सीपको सन्तुलनमा नमुना अभ्यासको संयोजनलाई कमै ध्यान दिएको छ ।

यस कक्षा सातको नेपाली पाठ्यपुस्तक भित्रसमाविष्ट नमुना अभ्यासको अध्ययन विश्लेषण गर्दा पुरानो पाठ्यपुस्तकमा भन्दा नयाँ पाठ्यपुस्तकमा खासै धेरै भिन्नता पाइँदैन तापनि अभ्यास र मूल्याङ्कन प्रक्रियामा भने केही हदसम्म सुधारात्मक पक्ष देख्न सकिन्छ । यस पाठ्यपुस्तकमा समावेश भएका विधाहरूमा रहेका नमुना अभ्यास भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) विकासका दृष्टिले पाठ्यक्रम अनुरूप  पाइन्छन् । कविता विधा अर्न्तगतका नमुना अभ्यासमा सुनाइ सीप विकासलाई खासै प्रयोग गरिएको छैन । बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्न नुमना अभ्यासहरू पाठ्यक्रमका उद्देश्यअनुरूप नै देखिन्छ । कथा विधामा रहेका नमुना अभ्यासहरूलाई विश्लेषण गर्दा चार ओटै सीपलाई अन्तर सम्बन्धित बनाउन खोजे पनि लेखाइ सीपलाई बढी महत्त्व दिन खोजेको देखिन्छ । प्रबन्ध विधाअर्न्तगत नमुना अभ्यासको अध्ययन गर्दा सुनाइ सीपसँग सम्बन्धित प्रश्नहरू देखिँदैनन् ।

बोलाइ, पढाइ र लेखाइ सीपलाई क्रमशः बढाउँदै लगिएको छ । प्रबन्ध विधाको मुख्य प्रयोजन लेखन कलाशैलीको विकास गर्ने रहेकाले यो विधा पाठ्यक्रमको उद्देश्य अनुरूप नै देखिन्छ । संवाद तथा वादविवाद विधाका अभ्यासमा चार औटै सीपलाई समावेश गरिएको नै पाइन्छ । सीपगत आधारमा जीवनी विधाका नमुना अभ्यासको वर्गीकरणलाई हेर्दा सुनाइ सीपलाई प्रयोग गरिएको देखिँदैन । यस विधामा पनि लेखाइ सीपलाई नै बढी जोड दिएको छ । चिठी/निवेदन विधाका नमुना अभ्यालाई हेर्दा सुनाइ, बोलाइ, पढाइ सीप विकासलाई कम प्राथमिकता दिइएतापनि

चिठी विधाको मुख्य प्रयोजन लेखाइ सीपको विकास गर्नु रहेकाले यो विधा पाठ्यक्रम अनुरूप नै देखिन्छ ।

यस अध्ययनमा कक्षा सातको नेपाली पाठ्युस्तकभित्र समाविष्ट नमुना अभ्यासलाई तहगत आधारमा ज्ञानात्मक तह, बोधात्मक तह र प्रयोगात्मक सीप गरी तीन तहमा विश्लेषण गरिएको छ । विधागत आधारमा हेर्दा कविता विधाका नमुना अभ्यासहरू सबैभन्दा बढी ज्ञान तहसँग सम्बन्धित प्रश्नहरू समावेश छन् । त्यसपछि बोध तह र व्यावहारिक सीपसम्बन्धित प्रश्नहरूलाई महत्त्व दिएको छ । ज्ञानात्मक तह र बोधात्मक प्रकृतिका प्रश्नहरू धेरै रहेका छन् । व्यावहारिक सीपसम्बन्धी प्रश्नहरू कम समावेश गरिनु यसको कमजोरी पक्ष मानिन्छ । कथा विधाका नमुना अभ्यासमा ज्ञानात्मक र बोधात्मक तहसँग सम्बन्धी बढी प्रश्नहरू राखिएका छन् । प्रबन्ध विधाका नमुना अभ्यासमा ज्ञान तह बोध तहलाई नै बढी जोड दिएको छ । व्यावहारिक सीपलाई कम प्रयोग गरिएको छ । संवाद तथा वादविवाद विधाका नमुना अभ्यासमा ज्ञानात्मक तथा प्रयोगलाई सीपमा एकीकृत रूपमा प्रयोग गर्ने प्रयास गरिएको छ । जीवनी विधाका नमुना अभ्यास व्यावहारिक सीपमा आवद्ध भए पनि यस प्रकारका प्रश्नहरूको सङ्ख्या भने कम  देखिन्छ । यस विधाका नमुना अभ्यासले ज्ञानात्मक तह र बोधात्मक तहको विकास गराउन जोड दिइएको छ । चिठी तथा निबन्ध विधाका नमुना अभ्यासमा ज्ञान तह बोध तह र व्यावहारिक सीपसम्बन्धी प्रश्नहरू प्रभावकारी रूपमा नै रहेका छन् । यस विधाको मूल प्रयोजन व्यावहारिक सीप हासिल गर्नु भएकाले यो विधा पाठ्यक्रम अनुरूप नै देखिन्छ ।

परिवर्तित सन्दर्भअनुसार यस पाठ्यपुस्तकमा रहेका नमुना अभ्यास पाठ्यक्रम अनुरूप नै राख्ने प्रयास गरिएको छ । तापनि भाषिक सीपका दृष्टिमा नमुना अभ्यासलाई हेर्दा चारै ओटा ( सुनाइ, बोलाइ, पढाइ र लेखाइ) सीपलाई समान महत्त्व दिएको पाइँदैन । सबै विधाका नमुना अभ्यास लेखाइ सीपलाई बढी जोड दिएको छ । कुनै कुनै विधामा सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारै सीपलाई एकीकृत रूपमा समावेश गर्न खोजे पनि प्रभावकारी पाइँदैन । पाठ्यक्रमले तोके अनुसार सक्षमता हासिल गराउने खालका तहगत आधारमा नमुना अभ्यासहरू राखिएको देखिन्छ । यसरी हेर्दा ज्ञानात्मक तहका लागि छोटो उत्तर आउने प्रश्नहरू निबन्धात्मक प्रश्नहरू समावेश गरिएका छन् । त्यस्तै गरी बोधात्मक तहका लागि पठनबोधसम्बन्धी अभ्यासका प्रश्नहरू न्यून मात्रमा राखिएका छन् । व्यावहारिक सीपसँग सम्बन्धित नमुना अभ्यासहरू विद्यार्थीको इच्छा, चाहना, रुचि अनुरूप नै राखिएका छन् । यी व्यावहारिक सीपसम्बन्धी नमुना अभ्यासले पाठ्यक्रमका सक्षमता हासिल गराउन प्रत्यक्ष सहयोग पुऱ्याएको पाइन्छ । यस पाठ्यपुस्तकका नमुना अभ्यासमा

चित्रात्मक रूपको (चित्र प्रयोगको) अत्यन्त आवश्यक देखिए पनि यस पाठ्यपुस्तकमा प्रयोग भएको छैन । त्यसैले पाठ्यक्रमअनुरूप कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना अभ्यास पूर्ण रूपमा समावेश भएको देखिँदैन ।

## ४.२.२ सारांश

प्रस्तुत शोधकार्य एम्.एड. दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको छ । उक्त शोधकार्य कक्षा ७ को नेपाली (२०७१) मा समाविष्ट नमुना अभ्यासहरूको पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण गरिएको छ । यी विभिन्न कोणहरूबाट गरिएको विश्लेणषहरूको निष्कर्ष समेत निकालिएको छ ।

प्रस्तुत शोध कार्यको व्याकरणमा विश्लेषण गर्न पुस्तकालयीय विधि, पाठ्यक्रम र पाठ्यपुस्तक बीचको सम्बन्ध हेर्न तुलनात्मक विधि अपनाइएको छ । यसका साथसाथै यस शोधकार्यमा विभिन्न विद्यालयमा गई सम्बन्धित विषय शिक्षकहरूसँगको अभिमतहरूको जानकारीका लागि विभिन्न प्रश्नावली निर्माण गरी व्याख्या विश्लेषणसहित अनुसन्धानात्मक ढाँचामा प्रस्तुत गरिएको तथा सर्वेक्षण विधिको पनि प्रयोग गरी प्रस्तुत गरिएको छ ।

यस कक्षा ७ को नेपाली पाठ्यपुस्तक (२०७१) मा समाविष्ट नमुना अभ्यासहरूमा पाठ्यक्रम अनुरूपताका नै अभ्यासात्मक प्रश्नहरू छनोट गरिएको भए तापनि स्तरणको कार्यमा भने अझै सुधारात्मक पक्षको आवश्यकता देखिन्छ । उक्त पाठ्यपुस्तकमा समाविष्ट रहेका विधा अनुसार नमुना अभ्यासहरूले धेरै क्षेत्र ओगटेको देखिन्छ । उक्त पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासहरू पूर्णरूपले पाठ्यक्रम अनुरूप चयन भएको देखिँदैन । किनकि पाठ्यक्रमले तोके अनुसार भाषिक सीप विकास गराउने छैन । सबै विधामा सुनाइ सीप विकास गराउन नमुना अभ्यासको कम प्रयोग गरिएको छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपलाई कतै कतै एकृकीत रूपमा समावेश गरिएको छ । विद्यागत रूपमा सम्बन्धित पाठ्यपुस्तकका नमुना अभ्यासको वितरणलाई हेर्दा पाठसँग सम्बन्धित नमुना अभ्यासहरू, व्याकरणात्मक अभ्यासहरू र सिर्जनात्मक अभ्यासहरू जस्ता क्षेत्रलाई समेटेको देखिन्छ । सबै विधाअन्र्तगतका नमुना अभ्यासमा सुनाइ सीपको खासै प्रयोग गरिएको छैन । बोलाइ, लेखाइ र पढाइ सीपको प्रयोग भने पाठ्यक्रम अनुरूप देखिन्छ । तहगत आधारमा नमुना अभ्यासलाई हेर्दा सबैभन्दा बढी ज्ञानात्मक तहसँगै र व्यावहारिक सीप सम्बन्धित प्रश्नहरूलाई महत्त्व दिएको छ । ज्ञान र बोधतहका प्रश्नहरू धेरै रहेका छन् । व्यावहारिक तहसँग सम्बन्धित प्रश्नहरू कम प्रयोग भएका छन् । नमुना अभ्यासमा रहेका प्रश्नका लागि दिएको निर्देशन उचित

छ । उक्त पाठ्यपुस्तकमा समाविष्ट सबै विधान प्रयुक्त अभ्यासलाई हेर्दा नमुना अभ्यासहरूमा प्रयोगात्मकतालाई अझ बढी प्रश्रय दिएको खण्डमा उपयुक्त हुने देखिन्छ । यसै गरी सिर्जनात्मक अभ्यासमा पनि अरू बढी जोड दिनुपर्ने देखिन्छ ।

नयाँ पाठ्यक्रमअनुसार यस पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू केही मात्रामा परिवर्तन भएका देखिन्छन् । यसको सिर्जनात्मक अभ्यास र मूल्याङ्कन प्रक्रिया भने केही सुधारात्मक पक्ष देख्न सकिन्छ । सीपगत आधारमा पाठ्यक्रममा सुनाइ र बोलाइ सीपलाई एकै प्रकारको सिकाइ उपलब्धिका रूपमा लिइएको छ । तर सुनाइ सीप र बोलाइ सीप फरक फरक सिकाइ उपलब्धी हुने भएकाले नमुना अभ्यासमा पनि छुटै छुटै प्रयोग गर्नुपर्ने देखिन्छ । पढाइ र लेखाइ सीपको नमुना अभ्यासमा प्रयोग पाठ्यक्रम अनुरूप नै छ । यी दुई सीपको प्रयोग शिक्षणीय दृष्टिले प्रभावकारी मान्न सकिन्छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित आधारभूत शिक्षा पाठ्यक्रम (६-८) २०६९ को कक्षा ७ को नेपाली (२०७१) पाठ्यपुस्तकमा समावेश गरिएको नमुना अभ्यासहरूको विश्लेषणात्मक अध्ययनबाट निम्नलिखित निष्कर्षहरू निकालिएको छ :

क) कक्षा सातको नेपाली (२०७१) पाठ्यपुस्तकमा जम्मा २१ओटा पाठमा ४१२ ओटा नमुना अभ्यास सम्बन्धित प्रश्नहरू रहेका छन् ।

ख) पाठ्यक्रमको उद्देश्य प्रतिबिम्बित हुने गरी विधा तथा पाठमा नमुना अभ्यासको चयन गरिनु पर्दछ । तर कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासहरू पूर्ण रूपले पाठ्यक्रम अनुरूप चयन भएको देखिँदैन किनकि पाठ्यक्रमले तोकेअनुसार भाषिक सीप विकास गराउने नमुना अभ्यासको समावेश विधा अनुसार गरिएको छैन ।

ग) यस तहमा नमुना अभ्यास शिक्षणको महत्त्व वा औचित्य भाषिक सीपको विकास गर्नु हो । साथै यसमा रहेका विभिन्न कमी कमजोरीहरू पहिल्याउनु हो । भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) विकासका दृष्टिले हेर्दा सुनाइ सीप विकासमा पाठ्यक्रम अनुसारका पाठ्यपुस्तकमा समावेश नमुना अभ्यास सक्षम देखिदैन ।

घ) सुनाइ सीप विकास गर्नका लागि यस कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू प्रभावकारी तरिकाले समावेश गरिएको देखिदैन ।

ङ) बोलाइ सीपको स्थितिलाई हेर्दा यस तहमा शुद्ध र स्पष्ट उच्चारण गर्न लगाइएको छ तर अभ्यासहरूमा बोलाइ सीपलाई भन्दा बढी लेखाइ सीपलाई ध्यान दिइएको पाइन्छ । यस पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूम संवाद तथा वादविवाद विधाका अभ्यासहरूमा बोलाइ सीप विकासमा प्रश्रय दिने देखिएको छ ।

च) यस पाठ्यपुस्तकमा दिएका अधिकांश व्याकरणका शीर्षकहरूमा शिक्षणीय दृष्टिले आगमन विधि अपनाइएको देखिए तापनि त्यति उपयुक्त भने देखिदैन । यसमा प्रशस्त मात्रामा उदाहरणहरूको पनि अभाव देखिएको छ ।

छ) लेखाइ सीप विकासका लागि कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरूको शिक्षणबाट लेखाइ सीप विकास गर्ने धेरै कार्यकलापहरू समावेश गरिएको देखिएको छ । यसका साथै सिर्जनात्मक अभ्यासहरू पनि समाविष्ट रहेका छन् । त्यस्ता अभ्यासहरूलाई अरू बढाउन सकेको खण्डमा उचित हुने देखिएको छ ।

ज) विधागत दृष्टिले सम्बन्धित पाठ्यपुस्तकका नमुना अभ्यासको वितरणलाई हेर्दा नमुना अभ्यास व्याकरणात्मक अभ्यास तथा सिर्जनात्मक अभ्यास सबै क्षेत्रलाई समेटिएको देखिएको छ । धेरै किसिमका प्रश्नहरू निर्माण गरी भाषा सिकाइका धेरै पक्षहरूलाई समेट्ने प्रयास गरिएको देखिएको छ । शब्दको अर्थ लेख्ने, शुद्ध उच्चारण गर्ने, शुद्ध गरी लेख्ने जस्ता अभ्यासहरू पनि समाविष्ट रहेको पाइन्छ । अभ्यासगत दृष्टि भने केही मात्रामा भए पनि सुधार भएको देखिन्छ ।

झ) नमुना अभ्यासमा चित्र प्रयोगलाई स्थान दिएको देखिँदैन ।

ञ) उद्देश्यका विभिन्न तह, ज्ञान, बोध र व्यावहारिक सीपलाई समेट्ने गरी नमुना अभ्यासको समायोजन गर्ने प्रयास गरिएको छ ।

ट) नमुना अभ्यासमा दोस्रो भाषी, जनजातिहरूका लागि केही अभ्यासको अवसर प्रदान गरेको देखिन्छ । तर अपाङ्ग, अशक्तका लागि भने कुनै अवसर देखिँदैन ।

ठ) बोधअर्न्तगत पठनबोधसम्बन्धी अभ्यास पर्याप्त छन् भने श्रुति बोध सँग सम्बन्धित प्रश्नहरू न्यून मात्रामा राखिएका छन् ।

ड) यस पाठ्यपुस्तकको मूल्याङ्कन प्रक्रियामा भने अलि सुधार भएको देखिन्छ किनकि वस्तुगत, विषयगत तथा निरन्तर मूल्याङ्कन पनि गर्ने व्यवस्था मिलाइएको पाइन्छ । यस प्रक्रियालाई अझ आधुनिक तथा व्यवस्थित तरिकाले अगाडि बढाउन सकिएको खण्डमा मूल्याङकन प्रक्रिया अझ प्रभावकारी हुने देखिन्छ ।

## ५.२ सुझावहरू

### ५.२.१ नीतिगत तहका लागि

प्रस्तुत अध्ययनमा कक्षा ७ को नेपाली (२०७१) पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूलाई पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण गर्दा नीति निर्माण गर्नेहरूले निम्नलिखित कुराहरूमा सचेत रहनु पर्ने देखिन्छ :

क) नेपालसरकार पाठ्यपुस्तक तथा पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित अनिवार्य नेपाली कक्षा ७ को पाठ्यक्रमका आधारमा तयार गरी राखिएको वर्तमान भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू पाठ्यक्रम अनुरूप राख्नुपर्ने,

ख) भाषाका चार ओटै सीपलाई सन्तुलित तर व्यावहारिक बनाउन आगामि संस्करणमा सुनाइ सीपलाई अझ बढी नमुना अभ्यासहरूमा समावेश गर्नुपर्ने,

ग) बोलाई सीपको विकास गर्न संवाद शैलीयुक्त नमुना अभ्यासहरू समावेश गर्नुपर्ने,

घ) सस्वर पठनको कार्यकलाप गराउन सजिलो हुने तथा मौनपठन सीप विकासमा पनि जोड दिन सक्ने नमुना अभ्यासहरू समावेश गर्नुपर्ने,

ङ) लेखाइ सीप विकासका लागि पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूले राम्रै सहयोग पुग्ने देखिए तापनि अरूसीप विकासकालागि विविध पक्षीय सुधार गर्नुपर्ने,

च) अभ्यासगत विविधताका दृष्टिले हेर्दा सबै विधाका पाठकमा सबै किसिमका वस्तुगत प्रश्नहरू समावेश गर्नुपर्ने,

छ) भाषाका सबै सीपहरूलाई समन्वयात्मक तरिकाले अगाडि बढाउन अभ्यासहरूमा व्यापक विविधता ल्याउनुपर्ने,

ज) भाषाका चारै सीपको विकास गराउने खालका सिर्जनात्मक अभ्यासहरूमा प्रश्नहरूअनुरूप गर्नुपर्ने,

झ) नमुना अभ्यास पाठ्यवस्तुको छनोट र स्तरण विद्यार्थीको रुचि आवश्यकता, वातावरण मातृभाषाको प्रभाव राष्ट्रिय उद्देश्य आदिलाई ध्यानमा राखेर गर्नुपर्ने,

ञ) चित्रात्मक अभ्यासहरूको संयोजन प्रभावकारी हुने हुँदा यस्ता अभ्यासहरूलाई  राख्नुपर्ने,

ट) नमुना अभ्यासमा क्षेत्र र क्रमलाई अझ बढी मेल गराउनुपर्ने,

ठ) भाषिक सीपका चारै पक्षलाई एकीकृत रूपमा नै नमुना अभ्यासमा समावेश गर्नुपर्ने,

ड) नयाँ लेखक तथा व्यतित्त्वहरूका विधागत पाठहरूमा लेखकको छोटकरी परिचय अभ्यासमा समावेश गर्नुपर्ने ।

### ५.२.२ अभ्यास तहका लागि

प्रस्तुत अध्ययन विश्लेषणले प्रयोग तहका लागि निम्न कुराहरूमा ध्यान दिनुपर्ने देखिन्छ :

क) पाठ्यक्रमले निर्देशन गरे अनुसार पाठ्यवस्तुमा समाविष्ट नमुना अभ्यासहरूलाई सही तरिकाले शिक्षण गर्नुपर्ने,

ख) भाषाका चारै सीपको विकासलाई मध्यनजर गर्दै नमुना अभ्यासलाई उचित शिक्षण गर्नुपर्ने,

ग) समय सापेक्ष र सान्दर्भिक रूपमा उपयुक्त हुने भाषाशैली र उदाहरणको प्रयोग उचित तरिकाले गरी विभिन्न विधि अपनाई प्रभावकारी रूपमा भाषिक सीपको विकास गर्ने गरी नमुना अभ्यासहरूको शिक्षण गर्नुपर्ने,

घ) नमुना अभ्यास शिक्षण गर्दा कक्षा शिक्षणलाई क्रियाकलापमुखी बनाउनुपर्ने,

ङ) नेपाली भाषा शिक्षाण गर्दा कस्ता भाषिक सीप कस्ता अभ्यासबाट प्राप्त हुन्छ भन्ने कुरा थाहा पाई नमुना अभ्यासको शिक्षण गर्नुपर्ने,

च) शिक्षणका लागि विधा अर्न्तगतका पाठ सम्बद्ध क्रियाकलापहरू गराउन सतर्क रहनुपर्ने

छ) नमुना अभ्यासका दोस्रो भाषी जनजाति अपाङ्ग, अशक्तका लागि  अभ्यासको अवसर प्रदान गर्नुपर्ने,

ज) नमुना अभ्यासहरूको शिक्षण गर्दा व्यावहारिक सीपसम्बन्धी प्रश्नहरूलाई विशेष जोड दिनुपर्ने,

झ) भाषाका चारै सीप र तहगत आधारलाई एकीकृत रूपमा प्रयोग हुने गरी नमुना अभ्यास शिक्षण गर्नुपर्ने,

ञ) सिर्जनात्मक अभ्यास शिक्षण गर्दा विद्यार्थीको स्तर, रुचि क्षमता र तहलाई ध्यान दिनुपर्ने,

ट) भाषिक सीपअर्न्तगत चारै वटै सीपलाई निरन्तर रूपमा एकै साथ लानुपर्ने र उद्देश्यअनुसार मूल्याङ्कन प्रक्रिया अभ्यासमा राखिनुपर्ने ।

### ५.२.३ अनुसन्धान तहका लागि

प्रस्तुत अध्ययनको सर्न्दभमा रहेर भावी अध्ययन अनुसन्धानका लागि निम्नलिखित शीर्षक चयन गर्न सकिने देखिन्छ :

क) कक्षा सातको नेपाली किताब र सरल नेपाली शृङ्खलामा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,

ख) कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यास र कक्षा शिक्षणमा तिनको उपयोगको एक अध्ययन,

ग) कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासमा भाषा तत्त्वको विश्लेषणात्मक अध्ययन,

घ) भाषिक सीप अनुरूपताका आधारमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन,

ङ) कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यास र कक्षा शिक्षणमा तिनको उपयोग एक अध्ययन,

च) छनोट र स्तरणका दृष्टिले कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन,

छ) नमुना अभ्यासमा भाषिक त्रुटिको प्रभावको अध्ययन,

ज) स्तर अनुरूपताका आधारमा कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन ।

## सन्दर्भ सामग्री


अधिकारी, सविता (२०६५) *प्राथमिक तह कक्षा तीनको मेरो नेपाली किताब २०६२मा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन* (अप्रकाशित शोधपत्र) स्नातकोत्तर, शिक्षा शास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

अधिकारी, हेमराज (२०४४) शिक्षालाई *जीवनोपयोगी बनाउने कारक तत्वहरू :* शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) ।

अर्याल, पार्वती (२०५९) *कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन* ( अप्रकाशित शोधपत्र) स्नातकोत्तर, शिक्षा शास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

काफ्ले, लक्ष्मी (२०६९) *कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन* (अप्रकाशित शोधपत्र) स्नातकोत्तर, त्रि.वि.शिक्षा शास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ ।

खतिवडा, फाल्गुणप्रसाद (२०६९) *भाषिक सीप विकासका दृष्टिले कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन* (अप्रकाशित शोधपत्र) स्नाकोत्तर, त्रि.वि.शिक्षा शास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ ।

गौतम, श्यामचन्द्र (२०६२) *कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन* (अप्रकाशित शोधपत्र) स्नातकोत्तर, शिक्षा शास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ठकुरी, भोजराज *(२०६१) हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपालीमाला कक्षा ६ को नमुना अभ्यासको तुलनात्मक अध्ययन* (अप्रकाशित शोधपत्र) स्नातकोत्तर, त्रि.वि.शिक्षा शास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ

ढुङ्गाना, तुलसीप्रसाद (२०६७), *प्रयोगिक भाषा विज्ञानका प्रमुख आयम,* काठमाडौं, जुपिटर प्रकाशक तथा वितरक प्रा.लि.

ढुङ्गाना, लक्ष्मीप्रसाद (२०६७) *कक्षा ६ को (हाम्रो नेपाली किताब ) र रसिलो नेपालीमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन* (अप्रकाशित शोधपत्र) स्नातकोत्तर, त्रि.वि.शिक्षा शास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ ।

दाहाल, मोहनकुमार (२०७५) *निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको एक अध्ययन* (अप्रकाशित शोधपत्र) स्नातकोत्तर, शिक्षा शास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

न्यौपाने र अन्य (२०६९), सामान्य भाषा विज्ञान, काठमाडौँ, सनलाइट पब्लिकेसन ।

पराजुली, ढाका कुमारी (२०६९) *कक्षा ६को हाम्रो नेपाली किताब र सजिलो नेपाली किताबभित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन* (अप्रकाशित शोधपत्र) स्नातकोत्तर, त्रि.वि.शिक्षा शास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ ।

पाण्डे, गोमा (२०६३) *कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन* (अप्रकाशित शोधपत्र) स्नातकोत्तर शिक्षा शास्त्र सङ्कायअर्न्तगत नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रयोगिक भाषा विज्ञानका प्रमुख आयामहरू,* काठमाडौँ, हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

भट्टराई, केशव (२०६७) *कक्षा ९ को भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरणसम्बन्धी अभ्यासको विश्लेषणात्मक अध्ययन* (अप्रकाशित शोधपत्र) स्नातकोत्तर, त्रि.वि.शिक्षा शास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ ।

भण्डारी, पारसमणि र अन्य (२०६८) *प्रायोज्ञिक भाषा विज्ञानका प्रमुख आयाम* , काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०६५), *सामाजिक तथा मनोभाषा विज्ञान,* काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा , केदारप्रसाद र माधवप्रसाद पौड्याल (२०६७) *नेपाली भाषा र साहित्य शिक्षण* , काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौड्याल (२०६०) *नेपाली भाषा र साहित्य शिक्षण* , काठमाडौँ, ब्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, निमला र शर्मा, चिरञ्जीवी (२०६५) *कक्षाकोठामा मनोविज्ञान,* एम.के. पब्लिकेसन एन्ड डिष्ट्रीब्युटर्स, भोटाहिटी, काठमाडौं ।

सिवाकोटी, गोपाल (२०६४) *अनुसन्धान पद्धति,* काठमाडौँ, पैरवी प्रकाशन ।

सुबेदी, कृष्णप्रसाद (२०६१) *कक्षा ६ को हाम्रो नेपाली किताब र नेपाली मालामा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र) स्नातकोत्तर, शिक्षा शास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा विभाग, त्रि.वि. ताहाचल, काठमाडौँ ।

# प्रश्नावली

१. कक्षा सातको नेपाली पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासहरू पाठ्यक्रम अनुरूप छन् ?

२. ती नमुना अभ्यासहरूले कुन कुन भाषिक सीप हासिल गराउन खोजेका छन् ?

३. यी नमुना अभ्यासलाई तहगत आधारमा कसरी वर्गीकरण गर्न सकिन्छ ?

४. यसले विद्यार्थीको स्तर अनुसार भाषिक सीपलाई हासिल गर्न मद्दत गर्नेछ ?

५. नमुना अभ्यासलाई ज्ञान, बोध र प्रयोग पक्षसँग कसरी जोडिएको छ ?

६. नमुना अभ्यासमा प्रयुक्त प्रश्नहरू भाषिक सीपका दृष्टिले उपयुक्त छन्, छैनन् ?

७. उक्त पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेको क्षेत्र र क्रम अनुसारका नमुना अभ्यासहरू छन् कि छैनन् ?

८. उक्त पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासहरूमा तथा सिर्जनात्मक अभ्यासहरू शिक्षणीय दृष्टिले कति उपयुक्त छ ?

९. उक्त पाठ्यक्रमले तोकेको मूल्याङ्कन प्रक्रिया कस्तो देखिन्छ ?

१०. उक्त नमुना अभ्यास तथा पाठ्यक्रमलाई विश्लेषण गर्दा सल्लाह र सुझाव केही छन् ?

विषय शिक्षक                                                                                    प्र.अ.